अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३१ / २०८२ फागुन १५ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Feb. 27, 2026 / मूल्य रू. १०/-

रवि लामिछानेको झुठको पोल खुल्यो

काठमाडौ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अस्ति झापाको चुनावी सभालाई सम्बोधन गर्दै तत्कालिन प्रतिनिधि सभाका सभामुख र हाल झापा क्षेत्र नं. २ का एमालेका उम्मेदवार समेत रहेका देवराज घिमिरेले आफूले संसदको बैठकमा बोल्दा सभामुख घिमिरेले माइक काटिदिने गरेको आरोप लगाएका छन् । लामिछानले लगाएको आरोपको घिमिरेले तत्कालै खण्डन गर्दै लामिछानेको आरोपमा कुनै सत्यता नभएको बताएका छन् ।

संसद सञ्चालनका लागि संसदमा रहेका सबै पार्टीका सांसदहरु रहेको कार्यव्यवस्था समिति हुन्छ त्यही समितिले निर्णय गरेनुसार संसदको बैठक सञ्चालन गर्ने र दलगत आधारमा सांसदहरूलाई बोल्ने समय निर्धारण गर्ने गरिएको हुन्छ । सभामुखले र त्यही सहमतिनुसार बोल्न दिने मात्र हो भन्दै रविले आफूमाथि लगाएको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

देश रोएको छ देश बचाउनेलाई जिताऔं

काठमाडौ । निर्वाचनको मिति आउन अब १ हप्ता पनि बाँकी नरहेको अवस्थामा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका प्रायः सबै दलहरूले आ आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । कतिपय दलहरूले घोषणापत्रलाई बाचापत्र समेत भनेका छन् । दलहरूले आफ्नो सिद्धान्त, मतदाताले आफ्नो दललाई किन मतदान गर्ने र के गर्दछौं भनि जनतालाई बुझाउने घोषणापत्र नै हो । दलहरूको सिद्धान्त, नीति र विचार के भनि जनताले घोषणपत्रबाटै जानकारी लिने हो । हालका उम्मेदवार कस्ता हुन् उनीहरूको चरित्र कस्तो हो भनि घोषणापत्रैमा उल्लेख गर्नुपर्नेमा त्यस्तो देखिएन ।

गत भाद्र २३ गते जेनजीहरूलाई उचालेर आफ्नो दलगत स्वार्थ पूरा गराउने कार्यमा लागेका व्यक्तिहरु समेत उम्मेदवार बनेका छन् । काठमाडौ महानगरका मेयर रहेका

>>> बाँकी ८ पेजमा

प्रियतावाद र देवत्वकरण रास्वपाकै लागि घातक

काठमाडौ । निर्वाचनको मिति आउन एक हप्तामात्र बाँकी रहेको बेला राजनीतिक दलहरु आ आफ्नो तर्फबाट चुनावी प्रचार प्रसारमा व्यस्त रहेका छन् । तर जनताले भने त्यति उत्साह देखाएका छैनन् । आखिरी किन भने प्रश्न अहिले उठिरहेको छ । चुनावी घोषणापत्रमा मुख्य दलहरूले सार्वजनिक गरेका कतिपय विषयहरु राजनीतिक इच्छाशक्ति भएको खण्डमा पुरा गर्न सकिने खालका छन् भने कतिपय विषयहरु पुरा गर्ने नसकिने खालका रहेका छन् । निर्वाचनका बेला मात्र जनताकहाँ पुग्ने पुरानै प्रवृत्तिले जनतामा निराशा छाएको छ ।

पुराना र नयाँ भनिएका राजनीतिक दलहरु मध्येका नेपाली कांग्रेस, नेकपा एमालेले आफ्नो चुनावी घोषणापत्रमा उठाएका विषयहरु केही सकारात्मक रहेका

>>> बाँकी ८ पेजमा

अहिलेको निर्वाचनले राजनीति निकास नदिने निश्चित !

कुनैपनि दलले बहुमत ल्याउन नसक्ने, संसद फेरि बन्धक

देवेन्द्र चुडाल

काठमाडौ । निर्वाचनको मिति आउन एकहप्ता भन्दा कम समय रहेको अवस्थामा जनतामा भने कुनै उत्साह देखिएको छैन । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु समेतले ठुला ठुला सभाहरु आयोजना गर्न सकिरहेका छैनन् भने पुराना भनिएका दलहरु समेत अहिले भेटघाट र स साना सभाहरु मै भुल्न थालेका छन् । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई उक्साएर विद्यार्थी भाईबैनीहरूलाई सडकमा उतार्न सफल भएको रास्वपा र काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साहले स्टाटस मार्फत दिएका अभिव्यक्तिहरु अहिले चर्चाको शिखरमा रहेको छन् ।

भाद्र २३ गतेको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै विद्यार्थी भाइबैनीहरूलाई उक्साएर विध्वसात्मक कार्य गर्न उत्प्रेरित गरेका थिए भने विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २३ गते संसद भवनमा तोडफोड र आगजनी गरेपछि मात्र प्रहरीले सार्वजनिक सम्पत्तिको रूपमा रहेको संसद भवन बचाउनका लागि गोली चलाएको विरोध प्रदर्शनकारीहरूले सार्वजनिक गरेका भिडियोहरु सार्वजनिक भएका छन् ।

तत्कालिन केपी ओली नेतृत्वको सरकारालई बैधाकिन रूपमा हटाउन नसकिने अवस्था रहेकाले ओली सरकारलाई ढाल्नैका लागि षड्यन्त्रकारीहरूले भाद्र २३ गतेको विरोध प्रदशनलाई हाइज्याक गरेका थिए । भाद्र २३ गते काठमाडौ गोली चल्दा १७ जना र इटहरीमा २ जना गरी १९ जनाको निधन भएको थियो । तर तत्कालिन ओली सरकारले ७६ जनाको हत्या गऱ्यो भनेर प्रचार प्रसार गरियो । भाद्र २४ गतेको विरोध प्रदर्शनमा लुटपाट र तोडफोड भएको थियो ।

भाटभटेनीमा लुटपाट गर्न गएका व्यक्तिहरूले आगजनी गरे त्यही आगजनीमा परेर उनीहरूको निधन भयो । होटलमा आगजनी गर्दा उनीहरु आफैं आगोमा परे । तर तत्कालीन केपी ओली सरकारलाई ७६ जना मारेको आरोप लगाइयो । तीन जना

>>> बाँकी ८ पेजमा

सिंहदरबार जलाएको स्वीकार गर्नेलाई सरकारबाटै उन्मुक्ति ?

काठमाडौ । गत भाद्र २३ गतेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय प्रधानमन्त्रीको सरकारी निवास सहित अन्य धेरै सरकारी भवनहरूमा आगजनी गर्ने व्यक्तिलाई सुशिला कार्की नेतृत्वको सरकारले उन्मुक्ति दिँदै आएकोमा पछिल्लो पटक आफैंले स्टाटस मार्फत सिंहदरबारको गेट तोडेर गृहमन्त्रालयदेखि सबै कार्यालयमा आगो लगाई भ्याईसक्यौं भनेर भिडियो सार्वजनिक गर्ने महेन्द्र गौतम पत्राउ परेका भएपनि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौले गौतममाथि मुद्दा नचलाउने सिफारिस गर्दै गौतमलाई उन्मुक्ति दिएको छ ।

गत पुसमा जेनजीको एक समूहसँग सरकारले गरेको सहमतिमा भाद्र २३ र २४ गतेको घटनामा संलग्न रहेका व्यक्तिहरूलाई पत्राउ नगर्ने र उनीहरूमाथि कुनै मुद्दा नचलाउने सहमति कार्की सरकारले गरेको थियो भने सो सहमतिलाई मन्त्रिपरिषद्को बैठकबाट समेत अनुमोदन गरिएको थियो । गौतमलाई माथि मुद्दा दायर गर्ने आधार र कारण नभएको भन्दै मुद्दा नचलाउने निर्णय गरेर जिल्ला सरकारी वकिल कार्यालयले उच्च सरकारी वकिल कार्यालय पाटनमा निर्णय सदरका लागि फाइल पठाएको छ ।

गौतमले सिंहदरबार जलाएको भनेर आफैंले

>>> बाँकी ८ पेजमा

जसरी भनेको के हो? जनताको प्रश्न

काठमाडौ । निर्वाचनको मिति आउन १ हप्तामात्र बाँकी रहेको बेलामा समेत जनतामा के निर्वाचन हुन्छ भन्ने शंका उत्पन्न भएको छ । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले निर्वाचन हार्न सक्ने सम्भावना बढ्दै गएकाले जनतामा त्यस्तो शंका उत्पन्न भएको हो । सुशिला कार्की नेतृत्वको सरकारले जसरी भएपनि निर्वाचन गराउने अभिव्यक्ति दिइरहेका बेला जनताले भने जसरी पनि भनेको के हो भनि प्रश्न गर्न थालेका छन् ।

भाद्र २३ र २४ गते गरिएको विध्वसात्मक कार्यमा सक्रिय भएका प्रायः सबै व्यक्तिहरु रास्वपामा प्रवेश गराएर उनीहरूलाई विभिन्न क्षेत्रमा उम्मेदवार बनाइएकोले जनतामा त्यस्तो प्रश्न उठेको हो । भाद्र २३ गते र २४ गते भएको घटनामा संलग्न रहेका व्यक्तिहरूलाई कानुनी काबराही नगर्ने निर्णय कार्की सरकारले गरिसकेको र रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेका भन्दै विभिन्न जिल्लामा मुद्दा विचाराधिन रहेकै अवस्थामा कार्की सरकारका कानुनी सल्लाहकार महान्यायाधिवक्ता सविता भण्डारीले रवि सहितका करिब ५० जनामाथि लागेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गर्नुले पनि कार्की सरकारमाथि जनताले विश्वास गर्न सकेका छैनन् ।

कुनै अमूक शक्तिको आडमा मुद्दा फिर्ता

>>> बाँकी ८ पेजमा

भगौडा बालेनलाई किन मतदान गर्ने ?

काठमाडौ । जेनजीहरूले भाद्र २३ गते गरेको विरोध प्रदर्शनलाई हाइज्याक गरेकाहरूले जेनजीहरूको भावना र माग विपरितका कार्यहरु गरिरहेकाले जेनजीहरूको विरोध प्रदर्शनलाई एकथरी मानिसहरूले कमाई खाने भाँडो बनाउँदै आएका छन् । राजनीतिक दलहरु मध्येको रास्वपाले पछिल्लो समयमा पुराना भनिएका दल र तिनका नेताहरूको विरोध र गाली गलौजमा मात्र सिमित भएको छ । त्यसको एउटै कारण हो जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरु र सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवासमा आगजनी र तोडफोड गर्नेहरु प्रायः सबै रास्वपामा प्रवेश गरेर उम्मेदवार बनेका छन् ।

काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साह र रास्वपाका सभापति रवि लामिछानेलाई एकै ठाउँमा ल्याउने अदृश्य शक्ति अहिले हावी भएको छ । बालेन साहलाई काठमाडौ महानगरबासीले ५ वर्षका लागि मेयर निर्वाचित गरेका थिए । तर उनले आफ्नो कार्यकाल बाँकी हुँदै महानगरलाई अलपत्र छोडेर रास्वपामा प्रवेश गरी झापा ५ बाट संसदको उम्मेदवार बनेका छन् भने उनलाई रास्वपाले भावि प्रधानमन्त्रीको उम्मेदवार रहेको घोषणा गरेको छ ।

निर्वाचनको बेला साहले काठमाडौबासीसँग गरेका प्रतिवद्धता मध्येका ३० प्रतिशत

>>> बाँकी ८ पेजमा

पार्टीपंक्ति जिताउन भण्डारीको आग्रह

काठमाडौं । पूर्वराष्ट्रपति विद्या भण्डारीले आफू निकटका एमाले कार्यकर्तालाई पार्टीका सबै आन्तरिक विमतिलाई बिर्सिएर पार्टीको पक्षमा निर्वाचनमा परिचालित हुन आग्रह गरेकी छन् । भण्डारीलाई भेट्न बुधबार बेलुकी काठमाडौं क्षेत्र नम्बर ४ का एमाले उम्मेदवार डा. राजन भट्टराई बालुवाटारस्थित उनको निवास पुग्दा भण्डारीले आफूले सबैलाई निर्वाचनमा दृढतापूर्वक लाग्न भनिसकेको बताइन् ।

पूर्वराष्ट्रपति भण्डारी २०५१ र २०५६ का निर्वाचनमा अहिलेको क्षेत्र नम्बर ४ का धेरैजसो भूभाग रहेको क्षेत्रबाट निर्वाचनमा उम्मेदवार भई जितेकी थिइन् । उनी अहिले पनि त्यहींकी मतदाता हुन् । उनको मतदाता नामावली बुढानीलकण्ठ नगरपालिका, वडा नम्बर २ मा छ । यो वडा क्षेत्र नम्बर ४ मा पर्छ ।

घरदैलोका क्रममा भण्डारीलाई भेट्न

>>> बाँकी ८ पेजमा

Partners Today, Casualties tomorrow

Majid Nabi Burfat

India has chosen Israel over principle, and the consequences are already rippling across the Muslim world. Narendra Modi's current visit to Israel is being hailed domestically as a diplomatic triumph, but in reality it is a glaring display of hypocrisy, double standards, and moral compromise.

Marketed as a milestone in trade, defence, and technology cooperation, the visit signals a dangerous pivot: transactional advantage has been placed above ethical consistency, historical commitments, and regional stability. For India's Muslim partners— from Iran to the Gulf states— this is more than diplomacy; it is a warning that the promises of today may well come at the cost of tomorrow's casualties. India's embrace of Israel, framed as strategic foresight, is in fact a gamble with regional trust and moral credibility, exposing the fragility of ties once built on principled engagement.

India once prided itself on its role as a voice for the oppressed, on its principled support for Palestinian self-determination, and on its careful balancing of regional interests under the Non-Aligned Movement. That legacy has steadily eroded under Modi's leadership. Today, the country has embraced Israel with an enthusiasm that belies moral scrutiny, ignoring the ongoing humanitarian catastrophe in Gaza and the forced displacement of Palestinians in the West Bank. International human rights organisations, including Amnesty International, Human Rights Watch, and UN fact-finding missions, have repeatedly documented systematic abuses, including disproportionate attacks, collective punishment, and infrastructure destruction— violations that meet thresholds for war crimes, ethnic cleansing, and, as some experts contend, genocide.

Yet India has maintained strategic silence, engaging in high-profile defence and intelligence agreements that signal tacit endorsement of these policies. This transactional approach is not just morally compromised; it is historically incongruent with India's long-standing foreign policy identity.

The domestic backlash has been sharp and unmistakable. The Indian National Congress, alongside civil society and human rights groups, has openly criticised Modi for abandoning India's historic values and failing to uphold principles in foreign policy. Senior Congress leaders have called the visit "cynical" and "morally cowardly," highlighting that India is now endorsing policies it once condemned in multilateral forums. Civil society activists and opposition politicians have urged Modi to acknowledge the genocide and mass suffering during his Knesset address.

Yet the expectation is not that he will. By avoiding any explicit mention of atrocities, Modi mirrors Israel's own approach to international criticism: deny, deflect, and normalise. In doing so, he is actively endorsing policies that violate human and minority rights, while consolidating a strategic partnership with a state whose actions are condemned worldwide.

Muslim states, regional partners, and international observers must take note: India's alignment with Israel is selective, transactional, and potentially perilous. Trust cannot be assumed; principles can be sacrificed; silence often equates to complicity. Vigilance, strategic foresight, and principled engagement are now essential. The wake-up call is clear: India's Israel axis is a pivot with profound consequences, demanding serious scrutiny and measured responses from all who have historically relied on Indian diplomacy for stability and moral consistency.

This realignment carries implications far beyond optics. Muslim-majority states that once engaged India as a reliable partner are being sent a clear signal: India's commitments are conditional, reversible, and subordinate to its strategic calculations. Iran

is the most salient example. The Chabahar Port was initially conceived as a linchpin for regional connectivity, providing India access to Afghanistan and Central Asia while bypassing Pakistan. India invested heavily in infrastructure and operational planning, yet when strategic pressures mounted, it slowed implementation and recalibrated commitments— effectively prioritising its emerging Israel axis over historic partnerships. This pattern is consistent across other Muslim-majority states engaged in trade, energy, and infrastructure projects with India.

The lesson is stark: India's foreign policy is no longer a principled balancing act but a selective alignment driven by transactional gain.

Israel itself is hardly a stabilising force in the Middle East. Its policies in Gaza and the West Bank, combined with covert operations and intelligence campaigns across the region, perpetuate instability and inflame regional tensions. Long-standing hostility with Iran, combined with Israel's security operations targeting Muslim-majority neighbours, makes the partnership with India strategically risky. By tying itself closer to Israel, India risks entanglement in regional conflicts, undermining not only its energy security and trade interests but also the welfare of millions of Indian expatriates in the Gulf and broader West Asia. For Pakistan and other regional actors, this is not an abstract concern: the alignment reinforces perceptions of a coordinated axis designed to counter Muslim political agency, escalating mistrust and geopolitical tension.

Moreover, Modi's embrace of Israel cannot be divorced from the ethical dimension. India, which projects itself as a global democracy upholding human rights, now aligns with a state widely condemned for violations of international law. This reflects a disturbing moral inversion: while India vocally criticises abuses elsewhere, it now remains silent on atrocities abroad, simultaneously fortifying its defence and intelligence cooperation with the perpetrator. By adopting this posture, India normalises the very abuses it once opposed, sending a dangerous signal to the global community and to its own citizens about the expendability of principle in the pursuit of strategic gain.

Ultimately, Modi's Israel visit is a stark wake-up call to the Muslim world. It exposes the erosion of India's moral authority, the prioritisation of transactional partnerships over ethical and historical commitments, and the normalisation of policies reminiscent of Israel's brazen violations of human rights and minority protections.

Muslim states, regional partners, and international observers must take note: India's alignment with Israel is selective, transactional, and potentially perilous. Trust cannot be assumed; principles can be sacrificed; silence often equates to complicity. Vigilance, strategic foresight, and principled engagement are now essential. The wake-up call is clear: India's Israel axis is a pivot with profound consequences, demanding serious scrutiny and measured responses from all who have historically relied on Indian diplomacy for stability and moral consistency.

दलहरूको घोषणा पत्र : ५ देखि १५ लाखसम्म रोजगारी सिर्जना गर्ने

काठमाडौं । २१ फागुनका लागि तय भएको निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेका ठुला दलहरूले आन्तरिक र वैदेशिक रोजगारी सिर्जनालाई प्राथमिकता दिएका छन् । दलहरूले वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्नेदेखि आगामी पाँच वर्षमा श्रम बजारमा १५ लाखलाई रोजगारी दिनेसम्मका घोषणा गरेका छन् ।

नेपाली कांग्रेसले आगामी पाँच वर्षमा १५ लाखलाई रोजगारी दिने प्रतिज्ञा गरेको छ भने नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टीले वार्षिक पाँच लाखका दरले नयाँ रोजगारी सिर्जना गर्ने महत्वाकांक्षी आश्वासन बाँडेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी पाँच लाखलाई प्रत्यक्ष रोजगारी सुनिश्चित गर्ने वाचा गरेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले रोजगारमुखी आइटी तालिम दिने संकल्प गरेको छ । कांग्रेसले 'प्रतिज्ञापत्र' सार्वजनिक गर्दै श्रमका मुद्दा सम्बोधन गर्न 'हरेक हातलाई काम, हरेक कामलाई सम्मान' भनेर आकर्षक नारा दिएको छ । कांग्रेस सभापति गगन थापाले प्रजातन्त्र दिवसको अवसर पारेर बिहीबार सार्वजनिक गरेको प्रतिज्ञापत्रमा आगामी पाँच वर्षमा १५ लाख नयाँ रोजगारी सिर्जना गर्ने महत्वाकांक्षी लक्ष्य राखिएको छ ।

'आत्मनिर्भरता, सामाजिक सुरक्षामार्फत गरिबीको दुश्चक्र तोड्न रोजगारी विस्तार हाम्रो प्राथमिकता हो । सिप, दक्षता र प्रविधिमैत्री शिक्षामार्फत उत्पादनशील र गुणस्तरीय रोजगारी सिर्जना गरी युवालाई स्वदेशमै भविष्य देखाउने हाम्रो स्पष्ट दृष्टि छ,' कांग्रेसले प्रतिज्ञापत्रमार्फत भनेको छ, 'जहाँ रोजगारी केवल जीविकोपार्जनको माध्यम मात्र होइन, बरू नागरिकको आत्मसम्मान र राष्ट्र निर्माणको पौरख हुनेछ ।'

औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशतभन्दा माथि पुऱ्याएर युवालाई स्वदेशमै रोजगारीको प्राथमिकता दिन स्थानीय तहमा 'बेरोजगारकेन्द्रित रोजगार कार्यक्रम' सञ्चालन गर्ने कांग्रेसको घोषणा छ ।

एमालेको घोषणापत्रमा उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने उल्लेख छ । रोजगारीका लागि थप अवसरलाई दोब्बर बनाई वैदेशिक रोजगारीमा जाने बाध्यात्मक परिस्थिति हटाउने एमालेको घोषणा छ । 'रोजगारी सिर्जनालाई विकासको केन्द्रीय एजेन्डा बनाउँदै युवालाई स्वदेशमै काम र रोजगारीका अवसर उपलब्ध गराउनेछौं,' एमालेको घोषणापत्रमा भनिएको छ, 'निजी क्षेत्रको आत्मविश्वास बढाउने लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारी सिजर्ना गर्नेछौं ।'

कृषिको आधुनिकीकरण, भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति र एआईको बढ्दो उपयोगबाट रोजगारी सिर्जना गर्ने एमालेको दाबी छ । श्रमिकको वार्षिक उत्पादकत्व वृद्धिदर सात प्रतिशतभन्दा बढी पुऱ्याई आगामी पाँच वर्षमा श्रम आय दोब्बर बनाउने र वैदेशिक रोजगारीका लागि चर्को ब्याजमा ऋण लिएर जानुपर्ने व्यवस्थाको अन्त्य गर्ने पनि उल्लेख छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गर्ने घोषणापत्रमा उल्लेख गरेको छ । सार्वजनिक तथा निजी स्वामित्वको बाँझो जमिन, नदी-नाला, वन, खनिज र जैविक स्रोतलाई उत्पादनमूलक रूपमा उपयोग गरी युवा जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराइने नेकपाको प्रतिबद्धता छ ।

विदेशमा रहेका जनशक्तिको ज्ञान, सिप, अनुभव र पुँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाउने दाबी गरिएको छ ।राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी पाँच लाख प्रत्यक्ष रोजगारी सुनिश्चित गर्ने वाचा गरेको छ । नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न स्पष्ट कानुनी र नीतिगत प्रबन्ध गर्ने, रिमोट वर्क, डिजिटल रोजगारीलाई कानुन बनाएर मान्यता दिने वाचापत्रमा उल्लेख छ ।

वैदेशिक रोजगारमा गई विप्रेषण भित्र्याउने श्रमिकको योगदानको सम्मान गर्दै उनीहरूका लागि विशेष परिचयपत्र जारी गर्ने र सो परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था गरिने उल्लेख छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको घोषणा गरी रोजगारी वृद्धि गर्ने संकल्प गरेको छ । त्यस्तै, नेपालमै बसेर विदेशी कम्पनीमा काम गर्ने वातावरण बनाउने, रोजगारमुखी आइटी तालिम दिने र वैदेशिक रोजगारी वा अन्य प्रयोजनबाट आर्जन गरेको सिप र पुँजीलाई उद्यमशीलतामा रूपान्तरण गरिने राप्रपाको संकल्पपत्रमा उल्लेख छ ।

प्रश्न राष्ट्र जित्छ कि हार्छ भन्ने हो ?



• राजन कार्की
rajan2012karki@yahoo.com

चुनाव पञ्चायतमा भयो, बहुदलमा पनि भयो । चुनाव दुईपल्ट संविधानसभाको पनि भयो । संविधान बनेपछि पनि ०७४ र ०७९ मा चुनाव भएकै हो । चुनाव हुँदैमा देश जित्ने रहेनछ, जनताका आशा र अपेक्षा पनि हार्ने चुनाव हुनेरहेछ । अहिलेसम्मको चुनावी अभ्यासले देश जितेको उदाहरण छैन । जनताले जितेको अनुभूति पनि भएन ।

यहीकारण त २०६३ को परिवर्तन हातलाग्यो शून्य भयो । २०६५ को संविधानसभाले राजतन्त्र किनारा लगायो, धर्मनिरपेक्षता ल्यायो । केही दल र दलका नेताहरूले चुनाव परिवर्तन जिते । संविधान जारी भयो, सिंहदरवारको शक्ति विदेश पुऱ्याइयो, देश हाऱ्यो । संविधान जारी भएपछि पनि दुईपल्ट चुनाव भयो, नेताहरूले जिते, जनताले हारे ।

यही हारको आक्रोशले भदौरे वर्षाजस्तो आश्चर्यजनक परिवर्तन ल्यायो । परिवर्तन ल्याउने जेनजी पुस्ताका ७६ जना मारिए, जेनजीका आमा, हजुरबाउहरू सत्तामा पुगे । जेनजीको मागहरू असरल्ल छरिए, जेनजीले हारे । अब जेनजीकै नाममा बनेको सरकारले फागुन २१ मा चुनाव गराउने निधो गरेको छ । यो चुनावले जनता जित्छन् कि देश जित्छ कि ? आशा छ, भरोसा छैन । फेरि पनि विदेशीले जित्ने, नेताले जित्ने, पार्टीले जित्ने, भ्रष्टाचारले जित्ने, कुशासनले जित्ने, अपराधले जित्ने, अन्यायले जित्ने जोखिम बढी छ ।

यसकारण फागुन २१ को चुनाव हुनुपर्छ, प्रश्न यत्ति छ कि यो चुनावले राष्ट्र जित्ला कि हार्ला ?

चुनावको माहोला तीव्र गतिमा अघि बढेको छ । यो प्रजातान्त्रिक अभ्यास हो, सबैले स्वीकारेका पनि छन् । तर निर्वाचन देश र जनताले अपनत्व लिनेखालको हुनुपर्छ । देश र जनताले जितेको अनुभूति हुनुपर्छ । चुनावका लागि चुनावमात्र हुनुहुन्न ।

हुन त यो चुनाव कुन संविधानअनुसार हुँदैछ, उद्देश्य के हो ? प्राप्ति हुने के के हो, निर्वाचनले कुन खालको परिवर्तन ल्याउने हो ? ०८४ मा हुनुपर्ने निर्वाचन ०८२ मा हुँदैछ, तर संविधान खरानी भएको अवस्थामा । यसकारण यो निर्वाचनले देश र जनताले जित्छ कि अरू कसैले प्रश्न उठेको हो ।

नेपालीले धेरैपटक चुनाव देखे, ३७ वर्षमा ३० खालका सरकार पनि देखेकै हो । लोकतन्त्रकै कुरा गर्ने हो भने १७ वर्षमा १५ सरकार फेरियो, लाभ पार्टीका नेता र तिनका आसेपासेलाई भयो, देश र जनता ठगिए, लुटिए । यसैलाई लोकतन्त्र भनियो ।

यो चुनाव परिवर्तनका लागि हो कि भ्रम हो ? परिवर्तनका लागि हो भने मुहारमात्र फेरिने हुन् कि व्यवहार पनि फेरिने हो ? सपना वा भ्रम हो भने त नेपाल र नेपालीले लामो समय सपना र भ्रममा बाँचेर थाकिसकेको स्थिति छ ।

चाहिएको राष्ट्रिय समस्याको समाधान हो । यसकारण चुनाव यथार्थ हुनुपर्छ र राष्ट्रिय समस्याको समाधान हुनुपर्छ । समाधान गर्न चुनावी मैदानमा देखिएका ६८ पार्टीहरू र ३४०६ उमेदवारहरूले राष्ट्रिय सहमति गरेको देखिदैन । हरेक नेता अर्कोलाई खुइल्याउने अग्रसर छ, एकले अर्कोलाई लछार्नपछार्न सकृय छ । एकले अर्कोको घृणा फैलाइरहेको देखिन्छ, सुनिन्छ । घृणा फैलाउनु भनेको अराजकता हो । चुनाव संसदका लागि भइरहेको छ, व्यवहार असंसदीय देखिन्छ । यसकारण पनि प्रश्न छ, यो चुनावले देश जित्छ कि विदेश ? जनता जित्छन् कि पराई ?

फागुन २१ को चुनाव संघारैमा आयसक्यो । हामी छौं चाहिं कता ? चौरस्तामा उभिएर चुनावको अर्थ र औचित्य कसरी पुष्टि हुन्छ ? यो गम्भीर परिस्थिति हो । देशको अस्तित्वको संकट हो । हरेक पार्टी झूठ बोलिरहेका छन्, हरेक नेता सपना बाँडिरहेका छन् । सत्यमा कोही उभिएका देखिदैनन्, सत्य कोही बोलिरहेका छैनन् ।

समस्या समाजमा छ, समस्या आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक सबैतिर छ । समस्या विविधतामा एकता कायम गर्ने छ । समस्या विकास र निर्माणमा छ । समस्या सुशासन किन भएन भन्ने छ ? समस्या राष्ट्रिय नीति, परराष्ट्र विश्वसनीयतामा छ । तर राजनीतिक शक्तिहरू छरिएका छन्, मुखैपिच्छे अलग अलग कुरा लिएर हिडेका छन् । ३ करोड जनता भएको मुलुकमा ८० लाख विदेशीएका छन्, बालबृद्धको संख्या उत्तिकै छ । यति सानो मुलुकमा ६८ दल चुनावी मैदानमा छन् । १६५ सिटका लागि ३४०६ उमेदवार चुनाव लडिरहेका छन् । यी सबै देश बनाउन अग्रसर छन् कि सांसद भएपछि लुट्न पाइन्छ भनेर आकर्षित भएका हुन् ? केही गर्छु भनेका हुन् भने तिनको ठोस् योजना किन सार्वजनिक हुँदैन ?

आज देशमा हरेक यौटा व्यक्ति अर्कोसँग सशंकित छ । यसको अर्थ सुरक्षा प्रत्याभूतिको स्थिति खलबलिएको छ । सुरक्षा नै छैन भने चुनावले सुरक्षा दिन्छ ? चुनाव पछि सुरक्षित वातावरण आउँछ ? कतै देश प्रयोगशाला त भइरहेको छैन । पटक पटक चुनाव भयो, परिवर्तन आयो, देश र जनताको अवस्था किन खस्कदै गयो ? यसको अर्थ हो प्रणाली असल भए पनि अगुवा कमसल पऱ्यो । नीति, नैतिकता नेतामा बाँकी रहेन ।

साँच्चै भन्ने हो भने १९०३ को कोतपर्व र अहिलेको राजनीतिमा खासै फरक छैन । यो चुनाव पनि भदौ २३ को कोतपर्वपछि नै हुनलागेको छ । न त्यतिबेला कसैमाथि दण्ड दिइयो, न अहिले ७६ जना मारिदा पनि कोही दण्डित भए । नेपालको सत्ता राजनीति नै खुकुरी, हत्या, हिंसाबाट अघि बढेको छ ।

यथार्थमा २०६५ सालको संविधानसभाले राजतन्त्र र हिन्दुराष्ट्र फाल्नु पनि कोतपर्व नै थियो ।

समस्या पद्धति थिएन, समस्या संविधान थियो । संविधानमा देशका सबै राजनीतिक शक्तिहरूलाई समेटेको भए समस्या आउने नै थिएन । जनताका सन्तानले ज्यान गुमाउनु पर्ने थिएन । संवैधानिक संरचना खरानी हुने थिएनन् । अझै पनि संवाद, सहमति र सहकार्य गरेर देश निर्माणमा अग्रसर हुने हो भने राष्ट्रिय अस्तित्व जगर्ना गर्न सकिन्छ । शान्ति, समृद्धि ल्याउन सकिन्छ । देशले जित्न सक्छ, जनताले जित्न सक्छन् ।

यसका लागि बुद्धिजीवी, थिङ्क टैंकदेखि चेतनशील सबैले विवेकशील हुनुपऱ्यो । विवेकी हुनासाथ दूध र पानी छुट्याउन, गलत र सही खुट्याउन सकिन्छ । आफ्ना भनेपछि जे पनि सहने र अर्को भनेपछि जसरी पनि दुत्कार्ने, आलोचना गर्ने गलत प्रवृत्तिले प्रश्रय पाउँदा नै वास्तावमा देशमा राजनीतिक विकृति र बिसंगति बढेको हो । राजनीति मूल हो, मूल प्रदूषित भएपछि नदी स्वच्छ हुनैसक्दैन । यही कारण हो शासन सत्तामा कानुनव्यवस्था बिथोलिएको । कानुन व्यवस्था बिथोलिएपछि जनतामा नैराश्यता बढ्छ, असन्तुष्टि चुलिन्छ र सडकमा पोखिन थाल्छ । समयमै जनआवाज सुन्न सकियो र असन्तुष्टि संवोधन गर्न सकियो भने सच्चिन सकिन्छ, सच्याउन सकिन्छ । यही नहुँदा भदौरे आन्दोलन भयो र बनिबनाउ सबै ध्वस्त हुनपुगे, खरानी हुनपुगे । सक्किने दिन आयो, सक्कियो ।

फागुन २१ को चुनावले संविधान निर्माण गर्नुछ, खरानीमाथि शासनसत्ता खडा गर्नुछ । जनताको आशा र अपेक्षा परिपूर्ति गर्नुछ । राष्ट्रिय समस्या र द्वन्द्वहरू समाधान गर्नुछ । यी सबै कार्य अहंकारबाट सम्भव छैन । सबैले अहंकार त्यागेर संवाद, सहमति र सहकार्य गर्ने हो भने निषेध र विभेदको अन्त्य र राजनीतिक स्थिति संग्लिन सक्छ । यसतिर राजनीतिक दलहरूको ध्यान जाने हो भने प्रजातान्त्रिक राष्ट्रवादको शिर उठाउन सकिन्छ ।

यो चुनावमा राष्ट्र र जनताले जित्नुपर्छ । यसका लागि सबैको सामुहिक प्रयास अनिवार्य छ ।

पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

जसरी पनि निर्वाचन गराइन्छ भन्नुको अर्थ के ?

निर्वाचनको दिन आउन अब एक हप्ता मात्र बाँकी रहँदा प्राय: सबै राजनीतिक दलहरू निर्वाचनको प्रचार प्रसारमा लागेका छन्। तर आजसम्मा पनि जनताले साँच्चीकै निर्वाचन हुन्छन् त भन्ने विश्वास गर्न सकिरहेका छैनन् आखिरी किन ? त्यसको एउटै कारण हो मुलुकमा उत्पन्न भएका सबै जटिल समस्याको समाधान नगरी गरिएको निर्वाचनले समस्याको समाधान गर्न सक्दैन भनेर नै हो। गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई हाइज्याक गरेर आफ्नो पार्टीगत स्वार्थ पूरा गर्न रास्वपा लागि रहेको छ। सिंहदरबार जलाउनेहरू सबै रास्वपाका उम्मेदवार बनेका छन् भने कुनै अँध्यरो कोठामा बसेर नसाका सुरमा स्टाट लेख्दै मुलुकलाई ध्वस्त बनाउन आदेश दिने व्यक्ति बालेन साहलाई रास्वपाले भावि प्रधानमन्त्रीको उम्मेदवार भन्दै झापा क्षेत्र नं. ५ बाट संसदको उमेदवार बनाएको छ।

बालेन साह काठमाडौं महानगरका मेयर रहेका व्यक्ति हुन्। उनको ५ वर्ष कार्यकालको करिब १५ महिना बाँकी रहँदै उनी महानगरबाट भागेर झापा पुगेका छन्। साह मेयर पदमा निर्वाचन लड्दा काठमाडाबासीलाई दिएको अधिकांश आश्वासनहरू पूरा भएका छैनन् भने काठमाडौंबासीले मेयर साहलाई प्रत्यक्ष रुपमा कहिल्यै पनि भेट गर्न पाएनन् आखिर किन ? अहिले त्यसको रहस्य खुलेको छ। उनी जनताको सेवाका लागि होइन कुनै अमूक व्यक्तिको सेवाका लागि काठमाडौंका मेयर बनेको र त्यो काम पुरा गरेकाले अब उनलाई झापा पठाइएको हो। झापा ५ निर्वाचन क्षेत्रबाट नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली निर्वाचित हुँदै आएको क्षेत्र हो। अहिले बालेनलाई त्यही क्षत्रमा पठाउनुको उदेश्य उदेश्य भनेको केपी ओलीलाई पराजित गरेर राष्ट्रवादलाई नै पराजित गराउन खोज्नु हो।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई रास्वपाले प्रयोग गरेर आफ्नो स्वार्थमात्र पूरा गर्ने प्रयास गरेको छैन। रास्वपा र बालेन साहलाई एकै ठाउँमा ल्याउने अदृश्य शक्तिको समेत स्वार्थ पुरा गर्ने उदेश्य नै रहेको छ। जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुदन गुरुङ देखि आन्दोलनलाई प्रयोग गर्ने बालेनलाई त्यही अदृश्य शक्तिले एकै ठाउँमा ल्याएको विस्तारै प्रमाणित हुँदैछ। यसै कारणले गर्दा प्रष्ट हुन्छ। रास्वपाको स्वार्थ के हो भनेर। भाद्र २३ गते जेलमा रहेका रवि लामिछानेलाई जेल मुक्त गरेर भिडतन्त्रले प्रधानमन्त्रीको घोषणा गर्दै र सोही दिन राति बालेनले अब नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग वार्ता गर भनेर स्टाटस मार्फत निर्देशन दिनुको अर्थ के थियो ? त्यो निर्देशन कसको लागि थियो ?

भाद्र २३ गतेको घटना घटाउनेहरू प्राय सबै अहिले रास्वपाका उम्मेदवार बनेका छन्। बालेन र रविबीचमा भएको सहमतिमा भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनको स्वामित्व लिने सहमति गरेका हुनाले के संकेत गर्दछ ? विरोध प्रदर्शनमा रास्वपाका प्राय: सबै नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो। सिंहदरबारमा आगजनी गरेपछि रास्वपाका नेताहरू बल्ल पऱ्यो माकुरी जालैमा भन्दै नाँचगान गरिरहेका भिडियोहरू सार्वजनिक भएका भएपनि उनीहरूमाथि कुनै अनुसन्धान समेत भएन। भाद्र २७ गते बालेनकै सहमतिमा र जेनजीहरूको एक गुटको सहमतिमा सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहिसकेकी सुशिला कार्कीलाई संविधानको उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरियो भने उनको मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरू समेत बालेनकै सहमतिमा नियुक्त गरिनु र बालेनले आफ्नै कानुनी सल्लाहकारलाई गृहमन्त्री बनाउनुको रहस्य अहिले खुल्दै गएको छ। त्यसैले सिंहदरबार सहित अन्य सबै सरकारी भवन जलाउनेहरूलाई कुनै कारबाही नगरिने मन्त्रिपरिषद्को बैठकले निर्णय गर्नु। यी सबै तथ्यहरूले प्रष्ट हुन्छ तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई ढाल्न बैधानिक रुपले नसकिने अवस्था देखिएपछि षड्यन्त्रमुलक ढँगले सरकार ढाल्नका लागि नै स्कुले भाइबहिनीलाई हतियार बनाइएको थियो भनेर।

मुलुकलाई ध्वस्त बनाउनेहरूप्रति कार्की सरकार उदार मात्र रहेको छैन, प्रधानमन्त्री कार्कीले नै सार्वजनिक रुपमा मुलुकलाई ध्वस्त बनाउन लागि परेका सुदन गुरुङलाई आफ् नो कान्छो छोरा भएको घोषणा गरेकी र त्यही कान्छो छोरा रास्वपाको तर्फबाट गोरखामा उम्मेदवार रहेकाले जसरी भएपनि उनलाई जिताउन लागि परेकी छन्। कान्छो छोरा पराजित भएमा आन्दोलनको रहस्य खुल्न सक्ने र आन्दोलनको समयमा प्रधानमन्त्री कार्कीको भूमिका के थियो ? सो समेत बाहिर आउन सक्ने भएकाले सरकार नै गुरुङलाई जिताउन लागि परेको आशंका समेत गर्न थालिएको छ। तिनै गुरुङ मार्फत रवि लामिछानेसँग कुराकानी भएको र रवि र बालेन साहलाई समेत एकै ठाउँमा उभ्याईएको रहस्य खुल्दै गएको छ।

रवि सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेको भन्दै विभिन्न अदालतमा मुद्दा विचाराधिन रहेको व्यक्ति हुन्। रविले आफूलाई तत्कालिन केपी ओली सरकारले प्रतिशोध लिएर मुद्दा लगाएको बताउँदै आएका थिए। कार्की सरकारले रवि सहित करिब ५० जना माथि लागेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा फिर्ता लिन सरकारको कानुनी सल्लाहकार महान्यायाधिवक्ता सविता भण्डारीमार्फत मुद्दा फिर्ता लिने निर्णय गराउनुले प्रष्ट हुन्छ भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शनमा वर्तमान प्रधानमनत्री कार्की सहितका अहिले मन्त्रिपरिषद्मा रहेका केही व्यक्तिहरू र रास्वपाका उम्मेदवारहरू प्राय: सबैको संलग्नता रहेको थियो भनेर।

प्रधानमन्त्री कार्कीले पछिल्लो समयमा जसरी भएपनि निर्वाचन गराएरै छोड्ने बताउँदै आएकी छन्। जसरी पनि भनेको के हो ? रास्वपा बाहेकका अन्य सबै दल त्यसमा पनि नेकपा एमालेका अध्यक्ष र नेकपा एमालेका उम्मेदवारहरूलाई पराजित गराउनु त होइन ? जसरी पनि निर्वाचन गराउनुको अर्थ के ? यसरी जसरी पनि गराइएको निर्वाचनले कुनै समस्याको समाधान दिन सक्दैन। जनताले आफुँखुसी मदतान गर्न पाउनुपर्दछ। अहिले मुलुकमा देखिएका समस्याहरूको समाधान गरेर मात्र निर्वाचन गराइएको खण्डमा मात्र मुलुकले निकास पाउन सक्छ। त्यसैले जसरी पनि भन्ने शब्द नै षड्यन्त्रपूर्वक रहेको र रवि र बालेनलाई एकै ठाउँमा ल्याएर आफ्नो स्वार्थ पुरा गर्नेहरूको षड्यन्त्रको भण्डाफोर हुनैपर्दछ भन्ने हामीले ठानेका छौं।

बंगलादेशको निर्वाचनबाट नेपालले के सिक्न सक्छ ?

मोहना अन्सारी

१२ फेब्रुअरी २०२६ मा सम्पन्न बंगलादेशको राष्ट्रिय संसदीय निर्वाचन लोकतान्त्रिक यात्राको अर्को महत्त्वपूर्ण अध्यायका रूपमा देखिएको छ । त्यो निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षक भई सहभागी हुने अवसर प्राप्त हुनु मेरा लागि महत्त् वपूर्ण अनुभव थियो । निर्वाचनका दिन मैले बञ्चरमपुर निर्वाचन क्षेत्र तथा गाजीपुर जिल्लाअन्तर्गत कालीगन्ज र कापासिया उपजिल्लाका विभिन्न मतदान केन्द्र भ्रमण गरी मतदान प्रक्रियाको प्रत्यक्ष अवलोकन गरेको थिएँ ।

दक्षिण एसियाको एक महत्त्वपूर्ण राष्ट्र बंगलादेशले पछिल्ला दशकमा तीव्र आर्थिक वृद्धि र सामाजिक विकास हासिल गरेको छ । तर, मानवअधिकारको कमजोर अवस्था, प्रतिशोधात्मक राजनीति, दलगत ध्रुवीकरण र निर्वाचनप्रति जनविश्वासजस्ता विषय समय-समयमा बहसको केन्द्रमा रहने गरेका छन् ।

सन् २०२४ जुलाईको विद्यार्थी आन्दोलनले बंगलादेशको राजनीतिक परिदृश्यमा निर्णायक मोड ल्यायो । लोकतान्त्रिक सुधार, भ्रष्टाचारविरूद्ध र जवाफदेहिता माग गर्दै देशैभर उठेका युवा नेतृत्वका प्रदर्शनले पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट विस्थापित गऱ्यो । त्यसपश्चात् देशमा राजनीतिक स्थिरता कायम, जनविश्वास पुनःस्थापना तथा संक्रमणकालीन व्यवस्थापन गर्न नोबल पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसको नेतृत्वमा गठित नागरिक सरकारले राष्ट्रिय निर्वाचन घोषणा गरेको थियो । यो पृष्ठभूमिमा सम्पन्न संसदीय निर्वाचनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय चासोका रूपमा हेरिएको थियो ।

लोकतान्त्रिक व्यवस्थामा निर्वाचन केवल प्रतिनिधि छनोटको प्रक्रिया मात्रै होइन- जनविश्वास, संस्थागत क्षमता र विधिको शासनप्रतिको प्रतिबद्धता परीक्षण पनि हो । त्यसैले निर्वाचनको दिनको वातावरण, प्रक्रियागत पारदर्शिता र समावेशिता अत्यन्तै महत्त् वपूर्ण मानिन्छ । मैले भ्रमण गरेका अधिकांश मतदान केन्द्र सरकारी विद्यालय भवनमा स्थापना गरिएका थिए । सुरक्षाका लागि छुट्टै प्रवेश-निष्कासन मार्ग व्यवस्था मिलाइएको थियो । मतदान केन्द्रहरूको समग्र वातावरण शान्त र व्यवस्थित थियो । मतदाता लाइनमा उभिएर पालो कुर्दै थिए, मतदान अधिकारीले निर्धारित प्रक्रियाअनुसारै परिचय जाँच र मतपत्र वितरण गरिरहेका थिए ।

मतदान केन्द्रका इन्चार्ज तथा अन्य कर्मचारीसँगको संवादमा उनीहरु निर्वाचन प्रक्रियाबारे प्रशिक्षित र जानकार देखियो । मतदाता प्रमाणीकरण, मतपत्र व्यवस्थापन तथा मतपेटिका सुरक्षामाथि स्पष्ट अवगत थिए । प्रक्रियागत अनुशासन कायम राख्ने प्रयास गरिएको अनुभूति भयो । सुरक्षा निकायको उपस्थिति पनि सन्तुलित थियो ।

उनीहरूको भूमिकाले मतदातामा सुरक्षा र स्थिरताको भावना प्रदान गरेको देखिन्थ्यो । मतदाताको उपस्थिति उत्साहजनक थियो । मध्याह्नसम्म केही केन्द्रमा करिब ६० प्रतिशतसम्म मतदान भएको जानकारी दिइयो । महिलाहरूको उल्लेखनीय सहभागिता देखियो, जसलाई बंगलादेशको सामाजिक-राजनीतिक परिपक्वताको सकारात्मक संकेत मान्न सकिन्छ । लोकतन्त्रको मजबुतीका लागि लैंगिक-समावेशिता अत्यावश्यक हुन्छ । त्यो दृश्यले त्यस दिशामा प्रगतिको संकेत गरिरहेको थियो । राजनीतिक प्रतिस्पर्धाको स्तर, दलबीचको विश्वास, प्रचारप्रसारको स्वतन्त्रता र मतदाता शिक्षाको स्तरले निर्वाचनको गुणस्तर निर्धारण गर्छ ।

केही मतदान केन्द्र विद्यालय भवनको माथिल्लो तल्लामा थियो, जसकारण ज्येष्ठ नागरिक तथा शारीरिक अशक्त व्यक्तिलाई सिँढी चढ्न कठिनाइ भएको देखियो । लोकतान्त्रिक प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न भौतिक पूर्वाधार अत्यन्तै महत्त् वपूर्ण हुन्छ । भविष्यमा यस्ता केन्द्र भुइँतलामा राख्ने वा अस्थायी ऱ्याम्पजस्ता संरचनात्मक व्यवस्था गर्ने विषयमा विचार गर्नुपर्छ । ज्येष्ठ नागरिक, स्तनपान गराइरहेका आमा तथा अस्वस्थ व्यक्तिका लागि छुट्टै लाइन वा प्राथमिकता व्यवस्था स्पष्ट लागू भएको देखिएन । समावेशी निर्वाचनका लागि यस्ता व्यवस्था सुदृढ हुनु आवश्यक छ ।

नेपालले के सिक्न सक्छ ?

१. मतदान केन्द्र व्यवस्थापन : बंगलादेशमा मतदान अधिकारी प्रशिक्षित र आत्मविश्वासी देखिए । नेपालमा नियमित तालिम भए पनि नयाँ जनशक्तिका कारण प्रशिक्षणलाई अझ व्यावहारिक, परिस्थिति आधारित र पुनर्तालगीमुखी बनाउनु आवश्यक छ, जसले प्रमाणीकरण, मतपत्र व्यवस्थापन र मतगणनामा एकरूपता होस् ।

२. पोस्टल मतदान व्यवस्थापन : बंगलादेशमा 'भोट दिनु अधिकार हो' भन्ने नारा थियो निर्वाचन आयोगको । यसैलाई मध्यनजर गरी पोस्ट-भोटको व्यवस्थापन गरिएको थियो । स्पष्ट सन्देश पनि थियो- विदेशी देशको नागरिकता नलिएकाहरु जो विदेशमा बसोबास र काम गर्छन् वा कर्मचारी, जो आफ्नो ठाउँ पुगेर मतदान गर्न सक्दैनन्- तिनका हकमा पोस्टल मतदानको व्यवस्था गरिएको थियो । त्यसका लागि एक साता समय दिएको थियो र क्यूआर स्क्यानबाट मतगणना व्यवस्था गरिएको थियो । त्यसको लाभ धेरैले पाए । निर्वाचनमा प्रविधि प्रयोग राम्रो रहयो । नेपालले पनि यो व्यवस्था गर्नुपर्छ, जसले 'भोट मौलिक अधिकार हो' भन्ने संवैधानिक अधिकार व्यवहारमै लागू हुनेछ ।

३. भौतिक पहुँच : माथिल्लो तल्लाका केन्द्रहरूले ज्येष्ठ र अशक्त मतदातालाई असहज बनाएका उदाहरण छन् । सम्भव भएसम्म भुइँतलामै मतदान कक्ष, ऱ्याम्प वा सहयोगी स्वयंसेवक र स्पष्ट प्राथमिकता लाइनको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

४. महिला सहभागिता सुदृढ : संवैधानिक समावेशिता मात्रै पर्याप्त छैन । मतदान गर्ने दिन सक्रिय सहभागिता बढाउन महिला, युवा र सीमान्तकृत समुदाय लक्षित प्रभावकारी मतदाता शिक्षा (विशेषतः डिजिटल र स्थानीय माध्यममार्फत) आवश्यक छ ।

५. जनविश्वास निर्माण : प्राविधिक सफलताभन्दा जनविश्वास महत्त्वपूर्ण हुन्छ । त्यसैले पूर्वनिर्वाचन संवाद, आचारसंहितामा कडाइ, पारदर्शी सूचना प्रवाह र स्वतन्त्र पर्यवेक्षण सुदृढ गर्नुपर्छ ।

६. सुरक्षा र स्वतन्त्रताको सन्तुलन : सुरक्षा आवश्यक छ, तर हस्तक्षेपविहीन । 'सुरक्षा सुनिश्चित गर्ने, मतदान स्वतन्त्रतामा हस्तक्षेप नगर्ने' सिद्धान्तले मात्रै निर्भय वातावरण सुनिश्चित गर्छ ।

डिजिटल राजनीति र युवा मतदाताको उदय

बंगलादेशको निर्वाचनमा डिजिटल प्रचार निर्णायक रूपमा देखापऱ्यो । सामाजिक सञ्जाल, लक्षित-अनलाइन सन्देश, प्रत्यक्ष डिजिटल संवाद, भिडियो अभियानजस्ता माध्यमले युवा मतदातासँग सिधा सम्पर्क स्थापना गरे । सहरी मतदाता र विदेशमा रहेका बंगलादेशी समुदायसम्म सन्देश पुऱ्याउन डिजिटल माध्यम प्रभावकारी बने ।

युवा पुस्ताले रोजगारी, सुशासन, पारदर्शिता र अवसरलाई मुख्य मुद्दाका रूपमा उठाएका थिए । परम्परागत सभा-जुलुसभन्दा डिजिटल बहस र वैकल्पिक विमर्श प्रभावकारी बने । यसले दक्षिण एसियाली चुनावी संस्कृतिमा नयाँ प्रवृत्तिको संकेत दिएको छ- राजनीति अब केवल मैदानमा होइन, मोबाइल स्क्रिनमा पनि लडिन्छ ।

नेपालका लागि सन्देश : आकांक्षाको चुनावतर्फ

यस निर्वाचनमा 'बंगलादेश नेसनलिस्ट पार्टी' (बीएनपी) ले स्पष्ट बहुमत हासिल गरेको छ । उल्लेखनीय के हो भने अवामी लिग निर्वाचन प्रक्रियाबाट बाहिर रहेपछि प्रतिस्पर्धाको स्वरूप नै बदलिएको थियो । यो परिणामलाई केवल संख्यात्मक विजय होइन, बंगलादेशको राजनीतिक गतिशीलतामा आएको एक महत्त्वपूर्ण मोडका रूपमा हेरिनु आवश्यक छ । पछिल्ला वर्षमा देखिएको राजनीतिक ध्रुवीकरण, शासनशैलीमाथि उठेका प्रश्न, आर्थिक व्यवस्थापन र रोजगारीसम्बन्धी जनअपेक्षाले मतदाताको मनोविज्ञानमा प्रभाव पारेको देखिन्छ ।

मतदाताले स्थिरता, आर्थिक व्यवस्थापन र संस्थागत सन्तुलनप्रति नयाँ अपेक्षा व्यक्त गरेको देखिन्छ । अब नयाँ सरकारको मुख्य चुनौती हो- यो जनादेशलाई संस्थागत स्थायित्व, आर्थिक सुदृढीकरण तथा लोकतान्त्रिक संवादमा रूपान्तरण गर्नु । स्पष्ट बहुमतले शासन सञ्चालनमा सहजता दिन सक्छ तर दीर्घकालीन लोकतान्त्रिक सुदृढीकरणका लागि प्रतिपक्षसँग संवाद, समावेशी निर्णय प्रक्रिया तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण अपरिहार्य रहनेछ ।

नेपाल आकांक्षा र अपेक्षाको मोडमा छ । जनता सरकार परिवर्तन मात्रै होइन, राजनीतिक संस्कृतिको सुधार चाहन्छन् । आगामी निर्वाचन प्रतिनिधि छनोटभन्दा बढी स्थिरता, सुशासन र संरचनात्मक सुधारको जनादेश हुन सक्छ । बंगलादेशको अनुभवबाट तीन पाठ स्पष्ट छन्- पहिलो, प्राविधिक दक्षताभन्दा जनविश्वास निर्णायक हुन्छ- दलहरूबीच न्यूनतम सहमति र आचारसंहिताको कडाइ अपरिहार्य छ । दोस्रो, भौतिक पहुँच र समावेशिताबिना लोकतन्त्र अपूरो रहन्छ- दुर्गम क्षेत्र, अशक्त, ज्येष्ठ र सीमान्तकृत समुदायलाई ठोस योजना चाहिन्छ ।

तेस्रो, डिजिटल राजनीतिक ऊर्जालाई सकारात्मक एजेन्डामा रूपान्तरण गर्नुपर्छ- नत्र असन्तोष पुनः सडकमा फर्किन सक्छ । *-कान्तिपुर*

बालेन-रविको 'क्रेज' र कांग्रेसमा गगनको नेतृत्व

प्राडा गान्धी पण्डित

केही साताअघि बालेन-रविको नेतृत्वमा जनकपुरमा सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जनसभापछि देशको राजनीतिको भावी कोर्ससमेत प्रभावित हुने सम्भावना देखिँदै छ । सो जानसभापछि बालेन नेपालका विभिन्न भागमा पुग्दा जुन किसिमको जनलहर देखापऱ्यो, यसले आमनागरिक एवं नवयुवामा अभूतपूर्व उत्साह, उमंग र रक्तसञ्चार पैदा गरेको छ ।

विगतमा सेलाउँदै गएको जेन-जी पुस्ताको परिवर्तनको आकांक्षालाई बालेन रास्वपामा प्रवेश गरेपछि सो पार्टीको चुनावी माहोल र गतिविधि उचाइमा पुगेको देखिँदै छ । विकृत राजनीतिबाट आक्रान्त नेपाली जनताले लामो समयपछि परिवर्तनको पक्षमा यति ठुलो जनलहरसहितको जनसभा देख्ने मौका पाए । पहाडी हावापानी र संस्कारमा हुर्किएका पहाडी मूलका नेता र सदियौँदेखि शोषित, पीडित मधेशी संस्कारमा हुर्केका नेताबिचको अभूतपूर्व 'फ्युजन' हुनु आफैँमा नौलो अभ्यास हो । पहाडी मूलको नेताबाट स्थापित राजनीतिक पार्टीले मधेशी मूलका बालेनलाई आउँदो प्रतिनिधिसभा निर्वाचनमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिनु आफैँमा सामान्य विषय होइन ।

रास्वपा ०७९ को निर्वाचनमा २१ सिट जितेर संसद्को चौथो ठुलो दलका रूपमा उदाएको पार्टी हो । रास्वपा युवा पुस्ताको समर्थन र विश्वास प्राप्त गरेरै संसद्मा चौथो ठुलो दलका रूपमा उभिन सकेको हो । प्रचण्ड नेतृत्वको सरकारमा रवि लामिछाने गृहमन्त्री हुँदा ठुला भ्रष्टाचार मुद्दाका पुराना फाइलमा छानबिन गरी कारबाही बढाउँदै गर्दा कांग्रेसका केही नेता अनुसन्धानको दायरामा आउने सम्भावना देखेर उसले रातारात केपी ओलीसँग गठबन्धन गरी नयाँ सरकार गरेको हो ।

लोकतन्त्रमा घोषणापत्र केवल मत तान्ने साधन होइन, जनतासँग गरिएको सामाजिक सम्झौता पनि हो । जब त्यो सम्झौता पूरा हुँदैन, जनविश्वास कमजोर हुन्छ ।

ओली सरकार गठनपछि रवि लामिछानेविरुद्ध पाँच जिल्लामा सहकारी ठगी र संगठित अपराधका मुद्दा दायर गरिएको हो । त्यसमध्ये रूपन्देहीमा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरी निजलाई थुनामा राखी अनुसन्धान तहकिकातसमेत गरियो । पुर्पक्षका लागि धरौटी रहेको अवस्थामा पनि सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ लगाई निजको सांसद पद पनि निलम्बन गरिएको थियो । तर, २३ र २४ भदौको जेन-जी विद्रोहपछिको परिस्थितिमा रास्वपाले आफ्नो हैसियतलाई नयाँ उचाइमा पुऱ्याउने अवसर पायो । बालेनको रास्वपा प्रवेशले सो पार्टीमा नया रक्तसञ्चार प्रवाह गरेको छ ।

२३ र २४ भदौपछिको आन्दोलनको अर्को उपलब्धि भनेको कांग्रेसमा भएको रूपान्तरण पनि हो । यसबाट गगन थापा कांग्रेस सभापतिमा स्थापित भए । थापा र विश्वप्रकाश शर्माले कांग्रेसभित्र नयाँ रक्तसञ्चार, उत्साह र उमंग पैदा गरेका छन् । युवापुस्ताको भावना, चाहना र आकांक्षालाई समेट्ने र प्रतिनिधित्व गर्ने एक मात्र पार्टीका रूपमा स्थापित हुन खोजिरहेको रास्वपालाई कांग्रेसमा गगन-विश्वको उदयले एउटा झट्का लागेको देखिन्छ । किनभने गगन-विश्व प्रकाशले अब कांग्रेसलाई नयाँ पुस्ताको चाहनाअनुसार परिवर्तन गर्ने उद्घोष गरेका छन् ।

पार्टीमा पुराना पुस्ताको वर्चस्व समाप्त पारी युवापुस्तासँग हातेमालो गरेर देशमा स्थिरता र सुशासन ल्याई भ्रष्टाचार अन्त्य गरी प्रगति र समृद्धिको दिशामा देशलाई अघि बढाउने संकल्प गरेका छन् । यही जोश र नाराका साथ कुनै पनि पार्टीसँग चुनावी गठबन्धन नगरी एक्लै निर्वाचनमा भाग लिने अठोट गरेबाट एउटा कांग्रेसमा ऊर्जा, उत्साह र उमंग पैदा भएको छ । यसबाट परिवर्तनका नायक युवापुस्तालाई कांग्रेसले केही हदसम्म आफूतर्फ तान्न सफल भएको छ ।

यसले रास्वपाले युवावर्गलाई आफूतर्फ आकर्षित गर्दै आएको गति र शक्तिमा केही शिथिलता आई आगामी निर्वाचनमा कांग्रेस र रास्वपाविच स्वस्थ, सकारात्मक र प्रभावकारी प्रतिस्पर्धा पैदा हुन सक्ने स्थिति सिर्जना भएको छ । यी दुई पार्टीबिच स्वस्थ, सकारात्मक र प्रभावकारी राजनीतिक प्रतिस्पर्धा हुनु समग्र मुलुकका लागि उपलब्धिमूलक नै हुनेछ । किनकि यी दवै दलको चाहना र उद्देश्य एकै छन्- सुशासन, भ्रष्टाचारको अन्त्य, आर्थिक समृद्धि र विकास ।

यो लक्ष्यप्राप्ति यस निर्वाचनपछिको प्रतिनिधिसभाले वर्तमान संविधान र निर्वाचन कानुनमा संशोधन गर्न सकेको अवस्थामा मात्र सम्भव देखिन्छ । त्यसका लागि वास्तविक परिवर्तनकारी युवा समूहलाई प्रतिनिधित्व गर्न सक्ने यी दुई दल मात्र हुने देखिन्छ । संविधान संशोधन गर्न दुईतिहाइ बहुमत आवश्यकता पर्छ र त्यसका लागि कांग्रेस र रास्वपाबिच सहकार्यको आवश्यकता पर्छ । त्यसैगरी, प्रतिनिधिसभालाई प्रभाकारी र उत्तरदायी बनाउन पनि यी दुई दलमध्ये एउटा सरकारमा रहन र अर्को सशक्त प्रतिपक्षको भूमिका वहन गर्न संसद्मा बलियो शक्तिका साथ उपस्थित हुन आवश्यक छ । यस्तो अवस्था सिर्जना भएमा मात्र मुलुकमा सुशासन, कानुनी व्यवस्था, भ्रष्टाचारमुक्त शासन व्यवस्थासहितको समृद्ध र विकसित मुलुकमा नेपाललाई रूपान्तरण गर्न सकिन्छ । त्यस अर्थमा कांग्रेस र रास्वपाले यस निर्वाचनमा एक-अर्काप्रति आरोप-प्रत्यारोप लगाउनुको साटो स्वस्थ प्रतिस्पर्धामा उत्रिनु अहिलेको मूल आवश्यकता हो ।

यस निर्वाचनमा रास्वपाजस्ता नयाँ दल वा सुधारिएर आएका कांग्रेसजस्ता दलको लक्ष्य र उद्देश्य भनेको पुराना सत्ताविरूद्ध वैचारिक रूपमा आक्रमण गर्नु र नयाँ परिवर्तनको वाहकका रूपमा शंखनाद गर्नु हो । जेन-जी आन्दोलनले नेपालको राजनीतिमा रूपान्तरण र परिवर्तनको आकांक्षा राख्ने पक्षधरलाई एउटा उत्साह र नवीन ऊर्जा प्राप्त भएको छ । जसका कारण कांग्रेस, एमाले र माओवादीका शीर्ष नेताहरूले सडक, गल्ली, गाउँगाउँ र चियापसलमा व्यापक विरोध र प्रतिरोध सामना गर्नुपरिरहेको छ । जसका कारण पुराना दलका नेतामा एक किसिमको आन्तरिक, मानसिक र मनोवैज्ञानिक दबाब बढेको छ ।

पुराना नेताको मुख्य चुनौती भनेको समाज र गाउँगाउँमा सर्वसाधारण जानतासमक्ष भोट माग्न जाँदा एकातर्फ नयाँ एजेन्डासहित के, कसरी र किन तिनै पुराना दललाई नै भोट दिनुपर्ने हो भन्ने जनताको टड्कारो प्रश्न आफूतिर तेर्सिन्छ भने अर्कातर्फ आमजनताका आक्रोश, आलोचना र प्रतिरोधलाई कसरी सामना गर्ने भन्ने अवस्था छ । यस्तो विषम एवं परिवर्तित राजनीतिक माहोलमा जनतासमक्ष गई चुनावमा पराजित हुनुभन्दा राजनीतिबाट सम्मानजनक वहिर्गमन भई नयाँ पुस्तालाई राजनीतिक विरासत सुम्पिनु नै बुद्धिमत्ता हुन्थ्यो । त्यस्तो, अवस्थामा उनीहरु सम्मानित र विगतको योगदानका लागि कदरयोग्य पात्रका रूपमा नेपालको इतिहासमा स्थापित हुन सक्थे । तर, त्यस्तो हुन नसकेकाले यो निर्वाचन पुरानो र नयाँ पुस्ताबिचको प्रतिस्पर्धाका रूपमा स्थापित हुनपुगेको छ ।

२३ र २४ भदौको आन्दोलनमार्फत नेपालको राजनीतिलाई नयाँ पुस्ताले नवीन मोडमा प्रवेश गराएका छन् । पुराना र नयाँ पार्टीबिच तीव्र चुनावी बहसको थालनी एवं भोलिका दिनमा नयाँ वा पुराना पुस्तामध्ये कसको नेतृत्वमा सरकार बन्नुपर्छ भन्ने विषयमा समाजको ध्यान केन्द्रित हुनपुगेको छ । कांग्रेसमा भएको नेतृत्व परिवर्तन, रास्वपाले बालेन शाहलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गर्नु र एमालेले निवर्तमान प्रधानमन्त्री केपी ओलीकै नेतृत्व स्विकारेर निर्वाचनमा होमिँदा यसले आगामी चुनावमा कौतुहल एवं चुनावी सरगर्मी पैदा गरेको छ । मूलतः यसपटक सबै दल भावी सरकारको लक्ष्य, नीति र कार्यक्रम प्रस्तुत गरेरभन्दा बढी क्षेत्रीयता, व्यक्ति र पुस्ताकेन्द्रित भई निर्वाचनमा होमिएका छन् ।

कांग्रेसले सभापति गगन थापालाई, रास्वपाले बालेन शाहलाई र एमालेले केपी ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरी निर्वाचनमा भाग लिएका कारणले नै यो निर्वाचनलाई पुराना भर्सेस नयाँ पुस्ताबिचको प्रतिस्पर्धाका रूपमा लिनुपर्ने देखिन्छ । आगामी निर्वाचन नेपाली मतदाताका लागि चुनौती र अवसर दुवै हुन् । यस निर्वाचनबाट मतदाताले पुराना दलको निरन्तरता वा नयाँ दलको नेतृत्वमध्ये कसलाई रुझाउँछन् भन्ने पुष्टि हुनेछ ।

यस निर्वाचनले केवल पुराना दलबाट नयाँ दलमा राजनीतिक हस्तान्तरण वा पुस्तान्तरण गर्ने मात्र होइन, यसले देशको भावी गन्तव्य कता बढ्नुपर्छ भन्ने पनी निर्क्योल गर्नेछ । २३ र २४ भदौको जेन-जी आन्दोलनले नेपाली जनतालाई मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन, बेथिति एवं अस्थिरताको जड भनेको वर्तमान संविधान र निर्वाचन कानुनमा विद्यमान क्षिद्र एवं पुराना दलका नेतामा रहेको विकृत सोच र संस्कार नै हो र त्यस्ता विकृति र बेथितिलाई जरैदेखि निर्मूल नगर्दासम्म मुलुक सही दिशामा अगाडि बढ्न सक्दैन भन्ने पाठ सिकाएको छ ।

समृद्धि, सुशासन, स्थिरता, विधि र पद्धति अनुसरण गरी मुलुकलाई अग्रगमनतर्फ बढ्ने हो भने वैकल्पिक र सुधारमुखी राजनीतिक सोच राख्ने युवापुस्ताले पत्याएको नयाँ राजनीतिक दलले निर्वाचन जित्नु आवश्यक देखिन्छ । अहिलेको आवश्यकता र मूल प्रश्न भनेको के नेपाली मतदाताले शुद्ध छवि र सोच भएका तथा मुलुकलाई अग्रगमनतर्फ हाँक्न सक्ने आँट र क्षमता भएका व्यक्तिलाई अघि सारेर निर्वाचनमा भाग लिने दललाई अत्यधिक बहुमत दिलाएर निर्वाचित गर्छन् वा गर्दैनन् भन्ने नै हो ।

दलहरु साँच्चिकै वैकल्पिक र सुधारमुखी राजनीति गर्न चाहन्छन् भने प्रधानमन्त्रीको नाममा भन्दा पहिले तिनले 'के गर्ने, कसरी गर्ने र संसद्लाई कसरी सुदृढ बनाउने भन्ने स्पष्ट एजेन्डा प्रस्तुत गरी तिनको स्पष्ट र विश्वसनीय जवाफ दिन सक्नुपर्छ । कुनै एक दलले आफ्नो प्रधानमन्त्री उम्मेदवार घोषणा गर्दैमा संसदीय प्रणाली कमजोर हुन्छ वा त्यस्तो प्रधानमन्त्री उम्मेदवार घोषणा नगर्दैमा चुनाव हार्छ भन्ने होइन । तर, त्यसको अर्थ संसद्भन्दा माथि व्यक्ति होइन भन्ने स्पष्ट संस्थागत प्रतिबद्धता पनि उत्तिकै आवश्यक हुन्छ । किनभने एक व्यक्तिले चुनाव जित्दैमा वा एकजनालाई पार्टी नेताका रूपमा देवत्वकरण गर्दैमा देशको मुहार परिवर्तन हुन सक्दैन । त्यसका लागि कुनै नेताको हैसियत जति नै माथि वा जति नै 'पपुलर' भए पनि प्रधानमन्त्री हुन त संसद्मा १३८ प्रतिनिधिसभा सदस्यको समर्थन आवश्यक पर्छ । यस अर्थमा आगामी निर्वाचनको गन्तव्य भनेको व्यक्तिकेन्द्रित नभई एजेन्डाकेन्द्रित हुनुपर्छ ।

अन्त्यमा, देशको राजनीतिमा आमूल परिवर्तन ल्याउने वाहकका रूपमा हेरिएको आगामी निर्वाचनलाई सफलीभूत पार्न आममतदाताको पनि ठुलो भुमिका रहनेछ । राजनीतिमा आमूल परिवर्तन गर्न संविधान संशोधन आजको मूल आवश्यकता हो भने त्यसका लागि कुनै एक दलले संसद्मा बहुमत ल्याउन आवश्यक देखिन्छ जसका लागि मतदाताले विभिन्न दललाई छरिने गरी मतदान गर्नुको सट्टा कुनै एक दलले बहुमत पाउने गरी मतदान गरिदिएको अवस्थामा मात्र स्थायी सरकार र सो सरकारले युवावर्गको चाहनाअनुरूप संविधान संशोधन र सुशासनका एजेन्डालाई कर्यरूप दिन सम्भव हुन्छ । यस अर्थमा नयाँ वा परिवर्तनकारी एजेन्डा बोकी निर्वाचनमा होमिएका दललाई मतदान गरेर मुलुकलाई सुधार र अग्रगमनको दिशामा अगाडि बढ्न सहयोग गर्नु आजको आवश्यकता हो । - *नयाँ पत्रिका*



तीन दशकदेखि चुनावी एजेन्डामै सीमित विराटनगर विमानस्थलको स्तरोन्नति

मोरङ । विमानस्थलआसपासका तीन सय ५० घरपरिवारसहित एक सय २६ बिघा अधिग्रहण गर्ने योजना बनाइएको थियो, तर स्थानीयको जग्गा रोक्का भएर सर्भे मात्र भयो, स्तरोन्नतिको कार्य अगाडि बढेन

२०४८ सालपछि भएका सबै निर्वाचनका उम्मेदवारको प्रमुख एजेन्डा बन्दै आएको छ, विराटनगर ४ कञ्चनबारीमा रहेको विराटनगर विमानस्थलको स्तरोन्नति । तीन दशकदेखि चुनावी घोषणामा मात्रै पर्ने गरेको विराटनगर प्रादेशिक विमानस्थलको स्तरोन्नति यसपटक पनि सबैको प्राथमिकतामा परेको छ । यही विषयलाई चुनावी एजेन्डा बनाउँदै गणतन्त्रपछि २०६४ देखि विजय गच्छदार, लालबाबु पण्डित र शेखर कोइरालालगायतले चुनाव जितिसकेका छन् । यसपटक पनि ६ नम्बर क्षेत्रका उम्मेदवार कांग्रेसका शेखर कोइराला, एमालेका विनोद ढकाल, नेकपाका ओपेन्द्र राय र रास्वपाकी रूविना आचार्यलगायतले विराटनगर विमानस्थललाई प्रादेशिक रूपमा स्तरोन्नति गराउने प्रतिबद्धता जनाएका छन् । पटक-पटक चुनावी मुद्दा मात्रै बनिरहेकाले मतदाता भने उम्मेदवारको प्रतिबद्धतासँग आश्वस्त भइरहेका छैनन् ।

विराटनगरवासीको लामो संघर्षपछि संघीय सरकारले विमानस्थलको स्तरोन्नति गर्न जग्गा अधिग्रहण गर्ने योजना बनाएको थियो । तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईको कार्यकालमा विमानस्थलआसपासका तीन सय ५० घरपरिवारसहित एक सय २६ बिगाहा अधिग्रहण गर्ने योजना बनाइएको थियो । तर, स्थानीयको जग्गा रोक्का भएर सर्वे मात्र भयो, स्तरोन्नतिको कार्य अगाडि बढेन । सोही कारण सम्पत्ति बिक्री गर्न फुकुवा पनि नगरेको तथा मुआब्जाविनै घरजग्गा रोक्का गरेको भन्दै विराटनगर ४ कञ्चनबारीस्थित स्थानीय अझै आन्दोलित छन् । हाल जग्गा बेचबिखन गर्न र बैंकमा धितो राख्न पाए पनि घरनक्सा पास रोक्का हुँदा धनीहरूले नयाँ संरचना निर्माण गर्न पाइरहेका छैनन् । मुआब्जा संघर्ष समितिका संयोजक वेदराज पौडल भन्छन्, 'विराटनगर विमानस्थलाई प्रादेशिक स्तरोन्नति गर्न आवश्यक छ । तर, आसपास बस्दै आएकालाई उचित मुआब्जा वितरण गर्नुपर्छ ।'

कोशी प्रदेशको राजधानी विराटनगर विमानस्थल अझै घरेलुस्तरकै हुनु दुर्भाग्यपूर्ण भएको विराटनगरका पर्यटन व्यवसायी बताउँछन् । उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका हवाई विभाग तथा पर्यटन समिति संयोजक भवेश श्रेष्ठ कोशीका लागि मात्र नभएर देशकै पर्यटन विकासका लागि विराटनगर विमानस्थलको स्तरोन्नति आवश्यक भएको बताउँछन् । तर, यस्तो महत्वपूर्ण विषय चुनावी एजेन्डाभन्दा माथि उठ्न नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे । उनले भने, 'पटक-पटक चुनावका वेला मात्रै प्रादेशिक विमानस्थलको मुद्दा उठाएर चुनाव जित्ने हतियार बनाइरहनुहुँदैन, जितेर गएकाहरूले मास्टर प्लानका लागि साँच्चै पहल गरिदिए विराटनगर विमानस्थलबाट अन्तरप्रदेश उडान सञ्चालन हुन सके देशकै पर्यटनको विकासमा सहयोग पुग्ने थियो ।'

यसैले विराटनगरमा बन्नुपर्छ प्रादेशिक विमानस्थल

कोशी देशको सबैभन्दा ठुलो आर्थिक मात्र नभएर चर्चित पर्यटकीय गन्तव्य स्थल हो, विराटनगर । उद्योग, कृषि, शिक्षा, स्वास्थ्य र व्यापारका हिसाबले मात्र नभएर धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटन क्षेत्र पनि हो कोशी । तर, प्रादेशिक र अन्तरप्रदेश हवाई उडान नहुँदा कोशीको पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष असर पुऱ्याएको पर्यटन व्यवसायीको गुनासो छ । कोशीमा विराटनगर, इटहरी, धरान, भद्रपुरजस्ता देशकै महत्वपूर्ण ठुला सहर छन् । तर, यहाँबाट अन्य प्रदेशका पर्यटकिय गन्तव्यमा जाने हवाई पर्यटकका लागि काठमाडौं नै पुग्नुपर्ने बाध्यता छ । प्रादेशिक हवाई सेवा सञ्चालनमा आए भारतको पश्चिम बंगाल र बिहारबाट पोखरा, बुटवल, भैरहवा, नेपालगन्ज, धनगढी, विराटनगरलगायत सहर जाने पर्यटक बढ्ने व्यवसायीहरु बताउँछन् । पर्यटन विकासका लागि विराटनगरलाई पूर्वी नेपालको 'हवाई हब' घोषणा गरेर 'होम-अवे' हवाई सेवा सञ्चालन गराउनुपर्ने पर्यटन व्यवसायी राजन श्रेष्ठ बताउँछन् ।

संघीयता आए पनि प्रदेश सरकार अझै सडक, भवन र भौतिक संरचनामा मात्र केन्द्रित भइरहेको तर हवाई पहुँचजस्तो रणनीतिक विषय उपेक्षामा परिरहेका छन् । पर्यटन विज्ञका अनुसार विराटनगर-पोखरा विराटनगर-भैरहवा (लुम्बिनी) विराटनगर-नेपालगन्जजस्ता रूट केवल व्यावसायिक मात्र होइनन्, राष्ट्रिय एकीकरणका लागि पनि महत्वपूर्ण हुन सक्छन् । 'यी रूट सञ्चालन भए काठमाडौंको हवाई चाप पनि घट्नेछ । यात्रुको समय र खर्च दुवै बच्नेछ, र प्रदेशबिचको आर्थिक सम्पर्क पनि बलियो हुनेछ ।

बिमा अपराधमा अब 'बिमा कसुर'कै मुद्दा

काठमाडौं । बिमा क्षेत्रमा हुने अपराधमा अब 'बिमा कसुर'कै मुद्दा लगाइने भएको छ । यसअघि बिमा क्षेत्रमा हुने अपराधलाई ठगी मुद्दामा कारबाही गरिँदै आएको थियो । मन्त्रिपरिषद्को मंगलबारको बैठकले बिमासम्बन्धी अपराधमा बिमा कसुरकै मुद्दा लगाउने निर्णय गरेको हो । मन्त्रिपरिषद्ले बिमा कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई अधिकार दिने निर्णय गरेको हो । 'बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने,' मन्त्रिपरिषद्को बैठकको निर्णयमा भनिएको छ । नेपाल बिमा प्राधिकरणले अर्थ मन्त्रालयमार्फत गरेको प्रस्तावमा सरकारले यस्तो निर्णय गरेको हो । यसका लागि सरकारले गत २१ माघमा न्याय परिषद्को सचिवालयबाट परामर्शसमेत लिएको थियो । न्याय परिषद्ले सबै जिल्ला अदालतलाई बिमा कसुरको मुद्दामा कारबाही गर्ने अधिकार दिन परामर्श दिएको थियो । त्यसपछि सरकारले यस्तो निर्णय गरेको हो ।

बिमा ऐन, २०७९ को दफा १४० मा बिमा कसुरसम्बन्धी व्यवस्था छ । प्राधिकरणबाट इजाजत नलिई बिमा व्यवसाय गर्ने, इजाजत नलिई अभिकर्ता तथा मध्यस्थकर्ताको काम गर्ने, किर्ते गर्ने, नक्कली दाबी पेस गर्ने, मिलेमतोमा गलत दाबी भुक्तानी दिने, गलत नियतले क्षति मूल्यांकन गर्ने, बिमितलाई नोक्सानी पुऱ्याउने, व्यवसाय सञ्चालनमा आर्थिक दुरूपयोग गर्नेलगायतका प्रयोजनलाई कसुरका रूपमा परिभाषा गरेको छ । यो फौजदारी अर्थात् सरकारवादी मुद्दा हुनेछ । सोही ऐनको दफा १४७ मा यस्तो कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर तोकेको अदालतले हुने भनिएको छ । तर, सरकारले हालसम्म यस सम्बन्धमा कुनै अदालतलाई अधिकार दिएको थिएन ।

बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै अब यस्तो मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई हुनेछ । जसरी बैंकिङ क्षेत्रमा हुने अपराधको मुद्दा 'बैंकिङ कसुर'अन्तर्गत अघि बढ्छ । त्यसैगरी, अब बिमा क्षेत्रमा हुने अपराधको मुद्दा भने 'बिमा कसुर'का रूपमा अघि बढ्नेछ । प्रहरीले पनि सोहीअनुसार अनुसन्धान अघि बढाउनेछ । जिल्ला अलदातमा पुगेपछि यस्ता मुद्दा नियमित चक्रअनुसार उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुग्न सक्नेछन् ।

बिमा ऐनमा अनुमति नलिई बिमा व्यवसाय गर्नेलाई बिगोको तेब्बर र पाँचदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । अनुमति नलिई अभिकर्ता बनेमा, कम्पनीले अभिकर्तासँग मिलेर किर्ते गरी दाबी भुक्तानी दिएमा र बिमितले नक्कली दाबी गरेमा बिगोबराबरको जरिवाना वा तीन वर्षसम्म कैद हुने व्यवस्था छ । यस्तै, सर्भेयरले गलत मूल्यांकन गरेमा, अभिकर्ताले बिमाशुल्कमा अपचलन गरेमा, बिमा सेवामा कम्पनीका कर्मचारीले आर्थिक अपचलन गरेमा, मर्जरमा सञ्चालक तथा कर्मचारीले अनियमितता गरेमा बिगो जफत गरी बिगोअनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद हुने व्यवस्था छ ।

योबाहेक दाबी भुक्तानीलगायतका बिमा सेवासम्बन्धी विवादका मुद्दा भने प्राधिकरणबाटै अघि बढ्नेछ । बिमा सेवासम्बन्धी विवादका मुद्दामा अनुसन्धान गरेर कारबाही गर्न प्राधिकरणलाई जिल्ला अदालतसरहको अधिकार ऐनले दिएको छ । बिमा सेवासम्बन्धी मुद्दा पहिलो चरणमा प्राधिकरणबाटै अघि बढ्नेछ । पछि पुनरावलोकन प्रक्रियामा उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म नै पुग्छ । अपराधसँग जोडिएका मुद्दा भने प्रहरीमार्फत अनुसन्धान भएर अदालतको प्रक्रियामा जाने लामिछानेले बताए ।

खेलकुद

एकै दिनमा उठ्यो सावित्राको उपचार खर्च

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीको एसिएल शल्यक्रियाका लागि एकै दिन आवश्यक खर्च जुटेको छ । सावित्राले मंगलबार सामाजिक सञ्जालबाट आफ्नो उपचार तथा रिह्याबका दौरान लाग्ने आवास र यातायात खर्च जुटेको जानकारी गराएकी छिन् । '२४ घन्टाभित्र नेपाली बैंक खातामा एक करोड रूपैयाँभन्दा बढी र विदेशी प्लाटफर्ममा ५२ हजार न्युजिल्यान्ड डलर (४५ लाख नेपाली रूपैयाँ) जम्मा भइसकेको छ,' उनले लेखेकी छिन् ।

यसअघि उनको शल्यक्रिया भएकै घुँडाको एसिएलमा हालेको ग्राफ्ट र एमसिएल दुवैमा गम्भीर चोट लागेको छ । सावित्रा फिट भएर मैदानमा फर्कन करिब नौ महिना लाग्छ । ०७८ सालमा मैदान फर्कनुअघि सावित्रा एन्फाकै पहलमा कतारमा शल्यक्रिया गराएकी थिइन् । यसपटक एन्फाबाट सहयोग नपाएको उनको गुनासो थियो । उनले यो पनि कतारमै उपचार गर्ने योजना बनाएकी हुन् । कतारमा उपचार गर्दा न्युजिल्यान्डको क्लबको बिमाले काम नगर्ने भएकाले उनले एन्फाबाट सहयोग खोजेकी थिइन् ।

नेपाली फुटबलकै सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)ले उपचारका लागि केवल पाँच लाख मात्र दिन सक्ने भनेपछि सावित्राले भावुक हुँदै सोमबार सामाजिक सञ्जालबाट आर्थिक सहयोगको अपिल गरेकी थिइन् । 'घुँडाको शल्यक्रियाका लागि करिब ८० हजार अमेरिकी डलर (नेपाली एक करोड १५ लाख हाराहारी) चाहिने भएकाले सहयोगका लागि अपिल गरेकी छु,' उनले भनेकी थिइन् । सामाजिक सञ्जालमा गरिएको २४ घन्टाभित्र आवश्यक सबै खर्च जुटेको र थप रकम आवश्यक नपर्ने सावित्राले बताएकी छिन् ।

उनले नेपाली बैंक खातामा थप रकम जम्मा नगर्न अनुरोधसमेत गरेकी छिन् । 'मलाई प्रायोजन गर्नुहुने संस्था र अन्य नेपालका धेरै संघ-संस्थाले पनि नगद र सुविधा सहयोगको वाचा गर्नुभएको छ । यसले मेरो उपचार खर्च मात्र नभएर, कतारमा उपचारका दौरान लाग्ने आवास र यातायात पनि पुग्ने देखिन्छ । कतारमा रहनुहुने विभिन्न व्यक्तित्व र संस्थाले पनि सहयोगको वाचा गर्नुभएको छ । त्यसैले म आजबाट दुवै अकाउन्टमा सहयोग रकम रोकिदिनुहुन अनुरोध गर्दछु,' उनले लेखेकी छिन् ।

सावित्रा अहिले न्युजिल्यान्डको वेलिङ्टन क्लबमा आबद्ध छिन् । वेलिङ्टन न्युजिल्यान्डको क्लब भए पनि अस्ट्रेलियाको शीर्ष डिभिजन लिग खेल्दै आएको छ । ब्रिस्बेन रोअरविरूद्धको खेलका क्रममा विपक्षी टोलीकी गोलरक्षकसँग ठोक्किँदा सावित्रा घाइते भएकी थिइन् । गत पुसको तेस्रो सातादेखि उनी मैदानबाहिर छिन् । सरकार र एन्फाबाट आर्थिक सहयोग नपाउँदा आफू शारीरिक मात्र नभएर मानसिक रूपमै थाकेको बताएकी छिन् । तर, सहयोगीहरूको हात अगाडि बढ्दा आफूलाई छिट्टै मैदानमा फर्कन सक्ने आत्मविश्वास जागेको उनको भनाइ छ । 'यो चोटले मलाई शारीरिक मात्र होइन, मानसिक रूपमा पनि थकाएको थियो, तर तपाईंहरूको साथले मलाई फेरि उठ्ने साहस दिएको छ,' उनले लेखेकी छिन्, 'म एक्लो छैन भन्ने विश्वास दिएको छ । म दृढ संकल्पका साथ भन्छु, म फर्कनेछु । अझ नेपालको जर्सी लगाएर मजबुत भएर फर्कनेछु ।'

एन्फाविरुद्ध खेलाडीले गरे प्रदर्शन

एन्फाले सावित्राको उपचार गर्न आर्थिक सहयोग नगरेपछि राष्ट्रिय तथा पूर्वखेलाडीहरूले विरोध प्रदर्शन गरेका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार राष्ट्रिय टोलीमा डिफेन्सिभ मिडफिल्डर रोहित चन्दसहित पूर्वखेलाडी विक्रम लामा, विराज महर्जनलगायतले पम्प्लेट बोकेर विरोध प्रदर्शन गरेका थिए ।खेलाडीहरूले मैदानको सामान्य पारापिटमा बसेर विरोध प्रदर्शन गरेका हुन् । विरोध प्रदर्शन गरिरहँदा मैदानभित्र भने राष्ट्रिय लिगमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड भिडिरहेका थिए । उनीहरूले खेल खेल्ने खेलाडी नरहे तिमी कसरी रहन्छौ एन्फा ?, एन्फा झुटको खेती कहिलेसम्म?, लिग त गराउन सकेको छैन, खेलाडीको उपचारमा मद्दत त गर, सावित्रा भण्डारी नेपाली नै हुन्लगायतका नारा बोकेका पम्प्लेट देखाएर विरोध गरेका हुन् ।

नेपालले हङकङसँग दशरथ रंगशालामा खेल्ने

नेपाली राष्ट्रिय पुरूष टोलीले चैतमा हङकङविरूद्ध दशरथ रंगशालामा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल हुने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार नेपाल र हङकङबिच १२ चैतमा खेल हुने जानकारी गराएको छ । नेपालले यसै वर्ष दोस्रोपटक हङकङसँग खेल्न लागेको हो । फिफा वरीयतामा हङकङ १५३ र नेपाल १८२ स्थानमा छन् । नेपाल गत २३ जेठमा म्याथ्यु रसको प्रशिक्षणमा नेपालले हङकङसँग उसैको मैदानमा प्रतिस्पर्धा गरेको थियो । नेपालले पहिलोपटक हङकङलाई गोलरहित बराबरीमा रोक्न सफल भएको थियो ।

५ मंसिर ०८० पछि नेपालले एएफसीको आधिकारिक फुटबल प्रतियोगिता रंगशालामा खेलेको छैन । एएफसीले रंगशालाको अवस्था अन्तर्राष्ट्रियस्तरको नभएको जनाउँदै प्रतियोगिता आयोजना गर्न दिएको छैन । यद्यपि, रंगशालामा भने फिफाको आयोजनामा खेल भएको छ । दुई वर्षदेखि रंगशालामा अन्तर्राष्ट्रिय खेल भएको छैन । यसबाहेक मैत्रीपूर्ण खेल भने भएको छ । गत भदौमा बंगलादेशविरूद्ध दशरथ रंगशालामा खेलेको थियो । जुन खेल गोलरहित बराबरीमा सम्पन्न भयो । दोस्रो खेल जेन-जी आन्दोलनका कारण हुन सकेन । नेपालले एएफसी एसियन कपको तेस्रो चरणको छनोटअघि हङकङसँग प्रतिस्पर्धा हुन लागेको हो ।

एन्फाले हङकङसँगको प्रतिस्पर्धाका लागि खेलाडी छनोट प्रक्रिया अगाडि बढाएको छ । एन्फाले चालू राष्ट्रिय लिग फुटबल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई नै प्रारम्भिक चरणमा राख्नेछ । अस्ट्रेलियन प्रशिक्षक म्याथ्यु रसको राजीनामासँगै नेपाली टोली प्रमुख प्रशिक्षकविहीन छ । एन्फाले तत्कालका लागि अन्तरिम प्रशिक्षकका रूपमा हरि खड्कालाई जिम्मेवारी दिएको छ । गत २७ कात्तिकमा बंगलादेशसँग खेल्दा खड्का नै प्रशिक्षक थिए । तेस्रो चरणको अन्तिम खेलमा नेपालले लाओसको सामना गर्दै छ । यो खेल १७ चैतमा हुनेछ । नेपाल एएफसी एसियन कपमा नेपाल लगातार पाँच खेलमा पराजित भएको छ । लाओसँग प्रतिस्पर्धा गर्नुअघि नै नेपाल मसूह चरणबाट बाहिरिसकेको छ । नेपाल आफ्नो समूहमा अंकविहीन छ ।

कर्पोरेट

● ग्लोबल आइएमईबाट अनलाइन अन्तर्राष्ट्रिय भुक्तानी गर्दा ५० प्रतिशत छुट

ग्लोबल आइएमई बैंक लिमिटेडले अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीमा ५० प्रतिशत छुट दिने भएको छ । बैंकले शैक्षिक प्रयोजनार्थ अध्ययन शुल्क, भिसा शुल्क, अनलाइन परीक्षा शुल्कका लागि आवश्यक अन्तर्राष्ट्रिय अनलाइन भुक्तानी गर्दा ५० प्रतिशत छुट प्रदान गर्ने योजना ल्याएको हो ।

यो योजनाबाट बैंकले नेपाली विद्यार्थीलाई विशेष गरी शैक्षिक प्रयोजनका लागि आवश्यक सम्पूर्ण अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीहरु जस्तै : आइइएलटिएस, टोफल, स्याट, जी-म्याट, पिटिई, एसिटी, एसिसिए, युएसएमएलई, कलेज फी, भिसा शुल्क, बिमा शुल्कलगायतका विभिन्न सेवाबापतको भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा उक्त छुट प्रदान गर्ने जनाएको छ । छुट ३१ जुलाई २०२६ सम्म लागू हुनेछ । यसका लागि बैंकले एक सय १७ वटा शाखामार्फत सेवा विस्तार गरेको जनाएको छ । छुट तथा सेवा उपलब्ध हुने बैंकका शाखा कार्यालयसम्बन्धी विवरण बैंकको वेबसाइटमा उपलब्ध छ ।

बैंक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट सम्मानित भइसकेको छ । बैंकले देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ८५ एटिएम, एक सय ४७ शाखारहित बैंकिङ, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

● एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल सञ्चालनमा

एनआइसी एसिया बैंकले लिलाम-बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्ति समेतको लिलाम-बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ । बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले लिलाम-बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ । यसका लागि ग्राहक महानुभावले लिलाम-बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन् ।

बिक्रीमा रहेका सम्पत्तिको क्षेत्रफलसहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेसन) पहिचानका लागि गुगल म्यापसहितका विविध जानकारी प्राप्त गर्न सकिने बताइएको छ ।

● सिद्धार्थ बैंकका ग्राहकलाई 'पेट मामा नेपाल'मा छुट

सिद्धार्थ बैंक र बालुवाटारस्थित पेट मामा नेपाल प्रालिबिच बैंकका ग्राहकहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ ।

सम्झौताअनुसार पेट मामा नेपालमा बैंकका ग्राहकले बैंकको कुनै पनि कार्ड प्रयोग गरी भुक्तानी गर्दा घरपालुवा जनावरहरूको ग्रुमिङ, स्पा, भेट परामर्श तथा खोप सेवामा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास लिएको बैंकले जनाएको छ ।

● नबिल बैंकको पहलमा धनगढीमा निःशुल्क जलन उपचार शिविर

धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा 'नबिल निःशुल्क जलन उपचार शिविर' सञ्चालन हुने भएको छ । नबिल बैंक, सुषमा कोइराला मेमोरियल अस्पताल तथा सेती प्रादेशिक अस्पतालको संयुक्त आयोजनामा १२ देखि १४ फागुनसम्म शिविर सञ्चालन हुन लागेको हो । शिविरमार्फत जलनका घटनाबाट पीडित भएकाहरु लाभान्वित हुने बैंकले जनाएको छ ।

बैंकका अनुसार पहिलो चरणमा धनगढीमा सुषमा कोइराला मेमोरियल अस्पतालसँगको सहकार्यमा शिविर आयोजना गर्न लागिएको हो । उक्त शिविरबाट एक सय २० जनाभन्दा बढी लाभग्राही लाभान्वित हुने बैंकको अपेक्षा छ । जलनका कारण दीर्घकालीन समस्या भोगिरहेका विपन्न तथा आर्थिक रूपमा कमजोर नागरिकलाई शिविरमा परामर्श, उपचार तथा शल्यक्रियालगायतका सेवा पनि प्रदान गरिने बैंकले जनाएको छ । बैंकले शिविर सञ्चालन गर्नका लागि कीर्तिपुर अस्पतालअन्तर्गतको फेक्ट नेपाल र सुषमा कोइराला मेमोरियल अस्पतालसँग सहकार्य गरिरहेको छ ।

शिविरमा आगोले पोलेर शरीरको कुनै भाग खुम्चिएको वा चलाउन नमिल्ने, कपाल गुमाएकाहरु, हातका औंला टाँसिएकाहरु, हात र खुट्टामा पाँचवटाभन्दा बढी औंला टाँसिएकाहरु, विस्फोटनमा परी शरीरको कुनै भागको शल्यक्रिया गराउनुपर्ने अवस्था भएका तथा खुट्टाको पैतलाभित्रतिर फर्किएकाहरूले निःशुल्क उपचार पाउनेछन् ।

साथै, जटिल समस्या भएका बिरामीलाई काठमाडौंको साँखुस्थित सुषमा कोइराला मेमोरियल अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाइने बैंकले जनाएको छ । जलनका कारण पीडा भोगिरहेका व्यक्तिलाई उपचार गरी उनीहरूको जीवनमा सुधार ल्याउने प्रयासस्वरूप शिविर आयोजना गरिएको बैंकको भनाइ छ ।

● एनआइसी एसियाका ग्राहकलाई अपोलो हस्पिटलमा १० प्रतिशतसम्म छुट

एनआइसी एसिया बैंकका ग्राहकले इन्द्रप्रस्थ मेडिकल कर्पोरेसन लिमिटेड (अपोलो हस्पिटल), नयाँदिल्लीमा उपचार गराउँदा १० प्रतिशतसम्मको छुट पाउने भएका छन् । छुट सम्झौताबारे बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत राजेश रावल र इन्द्रप्रस्थ मेडिकलका प्रबन्धक विपिन शर्माले हस्ताक्षर गरेका छन् । बैंकका अनुसार उक्त हस्पिटलमा इन-प्यासेन्ट रूम चार्ज, प्रिभेन्टिभ हेल्थ चेक प्याकेज तथा एटेन्डिज हेल्थ चेकअप सेवामा १० प्रतिशतका साथै आउट प्यासेन्ट इन्भेस्टिगेसनमा पाँच प्रतिशत छुट हुनेछ । त्यस्तै, कम्प्लिमेन्ट्री रजिस्ट्रेसन शुल्क र एक्सेस टु इन्टरनेसनल प्यासेन्ट लाउन्जजस्ता सुविधासमेत उपलब्ध हुने बताइएको छ ।

यसैगरी, काठमाडौंस्थित अपोलो इन्फर्मेसन सेन्टरमार्फत अपोइन्टमेन्ट लिने बैंकका ग्राहकलाई नयाँदिल्लीको एयरपोर्टबाट होटेल-हस्पिटलसम्म यातायातको थप सुविधासमेत उपलब्ध हुने बैंकले जनाएको छ । उक्त सुविधा उपयोग गर्न ग्राहकले यस बैंकको डेबिट कार्ड वा क्रेडिट कार्डमार्फत भुक्तानी गर्नुपर्नेछ ।

उक्त हस्पिटलसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावलाई स्वास्थ्य उपचारमा सहुलियत हुने बैंकले विश्वास लिएको छ ।

● मेटलाइफ नेपालका ग्राहकलाई वात्सल्य आइभिएफमा विशेष छुट

मेटलाइफ नेपालका ग्राहकले वात्सल्य नेचुरल आइभिएफ प्राइभेट लिमिटेडमा फर्टिलिटी तथा इन-भिट्रो फर्टिलाइजेसन (आइभिएफ)सम्बन्धी सेवामा विशेष छुट प्राप्त गर्ने भएका छन् ।

'वान बाई मेटलाइफ' एपमा उपलब्ध डिजिटल लाइफ कार्डमार्फत बिमित ग्राहक तथा निजका परिवारका सदस्यहरूलाई वात्सल्यमा विशेष छुट प्रदान गर्न दुई पक्षबिच सम्झौता भएको हो ।

वान बाई मेटलाइफमा रजिस्टर गरेपछि डिजिटल कार्डधारकहरूले वात्सल्य नेचुरल आइभिएफका क्लिनिकहरूमा कार्ड देखाई विशेष छुट प्राप्त गर्न सक्नेछन् । यसअन्तर्गत प्रमुख डायग्नोस्टिक परीक्षणहरूमा १५ प्रतिशत छुट, पूर्ण आइभिएफ प्याकेजमा रू. २० हजारसम्मको स्थिर छुट तथा अन्य फर्टिलिटी स्वास्थ्य जाँच र परामर्श सेवाहरूमा १५ प्रतिशतसम्म छुट समावेश छन् ।

● नेपाल बैंक र सिग्मा डायग्नोस्टिक्सबिच सम्झौता

नेपाल बैंक र सिग्मा डायग्नोस्टिक्सबिच छुट सम्झौता भएको छ । यस बैंकमा खाता रहेका ग्राहक, बैंकका कर्मचारी र उनीहरूका परिवारका सदस्यलाई छुट दिने सम्झौता गरिएको हो । शुक्रबार भएको सम्झौतामा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र सिग्मा डायग्नोस्टिक्सका तर्फबाट ल्याब निर्देशक वेदप्रकाश मिश्रले हस्ताक्षर गरेका हुन् ।

सम्झौताबमोजिम बैंकका ग्राहकले भक्तपुर- ९, राधेराधेस्थित सिग्मा डायग्नोस्टिक्समा प्याथोलोजी ल्याबका विविध सेवा शुल्कमा २० प्रतिशतदेखि ५० प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको छ । यो सहयकार्यबाट बैंकका ग्राहकले उक्त ल्याबबाट प्रदान गरिने छुटको लाभ उठाउन सक्नेछन् ।

अपर लोहोरेको हकप्रद बिक्री प्रबन्धक एनआइसी क्यापिटल

अपर लोहोरे खोला हाइड्रोपावरले हकप्रद सेयर निष्कासन गर्ने तयारी गरेको छ । यस कम्पनीको धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धक कार्यका लागि एनआइसी एसिया क्यापिटललाई नियुक्त गरिएको छ । नियुक्तिसम्बन्धी सम्झौतापत्रमा हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सदिच्छा कार्की र एनआइसी एसिया क्यापिटलका सिइओ रामेन्द्र रायमाझीले हस्ताक्षर गरे । हाइड्रोपावरले ५० करोड ९८ लाख चार हजार रूपैयाँबराबरले हुन आउने प्रतिकित्ता १०० अंकित मूल्यका १:१.५ अुनपातमा ७६ लाख ४७ हजार ६० कित्ता निष्कासन गर्नेछ । एनआइसीले निष्कासन तथा बिक्री प्रबन्धक सेवाअन्तर्गत हालसम्म सामूहिक लगानी कोष तथा डिबेन्चरसहित २० वटा कम्पनीको धितोपत्र निष्कासन गरिसकेको छ ।

● सूर्यज्योति लाइफद्वारा कर्मचारीहरूका लागि बृहत् तालिम आयोजना

सूर्यज्योति लाइफले देशभर रहेको आफ्ना शाखा कार्यालयमा कार्यरत ब्रान्च अपरेसनका कर्मचारीहरूलाई एउटै छातामुनि भेला गरी बृहत् तालिमको आयोजना गरेको छ । उक्त कार्यक्रम चितवनको भरतपुरमा अवस्थित लर्डस् बिसी प्लाजामा आयोजना गरिएको हो । कार्यक्रममा देशभरबाट ब्रान्च अपरेसनअन्तर्गत कार्यरत कर्मचारीहरु, विभागीय प्रमुखहरु, एक्जुकेटिभहरु, कार्यकारी उपप्रमुख अधिकृत, प्रमुख कार्यकारी अधिकृत, सञ्चालक समिति सदस्यसहित २०० जनाको उपस्थिति थियो । एएमएल-सिएफटीसम्बन्धी विस्तृत प्रशिक्षण नेपाल बिमा प्राधिकरणका उपनिर्देशक पदमप्रसाद सोडारीले प्रदान गरेका थिए भने सर्भिस एक्सिलेन्ससम्बन्धी प्रशिक्षण बैंकिङ तथा बिमाविज्ञ मनोजकुमार भट्टराईले दिएका थिए । सो अवसरमा विभागीय प्रमुखहरूसँगको प्यानल अन्तर्क्रियाअन्तर्गत विभिन्न सत्रहरु सञ्चालन गरिएका थिए, जसमा ब्रान्च अपरेसनसम्बन्धी विषयहरु समेटिएका थिए ।

उक्त अवसरमा कार्यक्रमका सहभागीहरूले आफ्नो दैनिक कार्यसम्पादनका क्रममा भोगेका कठिनाइ तथा उठेका जिज्ञासाहरु सम्बन्धित प्यानलमार्फत विभागीय प्रमुखहरूले सम्बोधन गरेका थिए । सम्पूर्ण सत्रहरूलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्दै कार्यक्रम सफल बनाउन कम्पनीका चिफ सपोर्ट सर्भिसेज उमेशप्रसाद मैनालीले सहजीकरणको भूमिका निर्वाह गरेका थिए । कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्रीले अहोरात्र खटिने ब्रान्च अपरेसन कर्मचारीहरु नै कम्पनीका वास्तविक सर्भिस एम्बास्डर्स भएका बताउँदै ब्रान्च अपरेसनको कार्यसम्पादनले नै कम्पनीको ब्रान्ड भ्यालु र व्यवसाय विस्तारमा अहम भूमिका खेल्ने प्रस्ट पारे ।

● एनसेल-फुडमान्डु साझेदारी, खानाका परिकारमा छुट

एनसेल र फुडमान्डुबिच साझेदारी भएको छ । यो साझेदारीअन्तर्गत ग्राहकलाई दूरसञ्चार सेवाका साथै फुडमान्डु अर्डरमा छुट हुनेछ । यो अफरमा एनसेलका ग्राहकले फुडमान्डुमा गर्ने खानाका परिकारको अर्डरमा डेढ सय रूपैयाँसम्मको छुट पाउने बताइएको छ । ५ फागुनदेखि सञ्चालनमा आएको यो अफरमा ९९ वा सोभन्दा बढी मूल्यका अफरमा समावेश कुनै पनि एनसेल प्याकको खरिदमा ग्राहकले डेढ सय रूपैयाँ छुट कुपन प्राप्त गर्दछन् ।

यो कुपन फुडमान्डुमा एक हजार वा सोभन्दा बढी मूल्यका विभिन्न परिकारका अर्डरमा प्रयोग गर्न सकिने बताइएको छ । एनेसेलका अनुसार डेटा, भ्वाइस वा कम्बो प्याक खरिद गर्ने ग्राहकले छुट कुपन प्राप्त गर्नेछन् । ग्राहकले यी प्याक लिएपछि छुट कुपन एसएमएसमार्फत प्राप्त गर्नेछन् । एकभन्दा बढी अफरमा समावेश प्याक खरिद गरेमा सोहीअनुसार एकभन्दा बढी डेढ सय रूपैयाँ छुटका कुपन पाउने कम्पनीले जनाएको छ ।

कुपन जारी मितिदेखि २८ दिनसम्म मान्य रहने बताइएको छ । यो अफर एनसेलको रिन्युअल प्याक, सापटी प्याक, र गिफ्ट प्याक खरिदमा लाग हुनेछैन । फुडमान्डुसँगको यो साझेदारी दूरसञ्चार क्षेत्रको पहिलो सहकार्य भएको बताइएको छ । यसले ग्राहकलाई सहजै दूरसञ्चार सेवामार्फत सम्पर्कमा रहँदै अतिरिक्त बचतसहित आफ्नो मन पर्ने परिकारको आनन्द लिन अवसर प्रदान गर्ने एनसेलले जनाएको छ ।

● ज्योति विकासका ग्राहकलाई रोयल क्लिनिङ सर्भिसमा छुट

ज्योति विकास बैंकका ग्राहकलाई रातोपुलस्थित रोयल क्लिनिङ सर्भिसेज एन्ड सप्लायर्स प्रालिमा ५० प्रतिशतसम्म छुट हुने भएको छ । बैंकका ग्राहकलाई छुट दिलाउन बैंक र रोयल क्लिनिक पक्षबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापश्चात्, बैंकका ग्राहकले उक्त कम्पनीबाट उपलब्ध विभिन्न सफाइ तथा सम्बन्धित सेवामा छुट प्राप्त गर्न सक्नेछन् । कम्पनीले घर, कार्यालय तथा व्यावसायिक स्थानका लागि भरपर्दो र प्रभावकारी सफाइ सेवा प्रदान गर्दै आएको छ । बैंकका ग्राहकले सो कम्पनीबाट सोफा तथा अपहोल्स्ट्री सफाइ, शौचालय सफाइ, चिम्नी सफाइ, पानीट्यांकी सफाइ, किरा नियन्त्रण (बेडबग), एसी सर्भिसिङलगायतका विभिन्न सेवामा छुट प्राप्त गर्न सक्नेछन् ।

यस बैंकले देशैभरका एक सय १८ शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ वटा एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ । साथै, गत आर्थिक वर्षमा सरकारलाई ४१ करोड कर तिरेको जनाइएको छ ।

● नेसनल लाइफको ३९औं वार्षिकोत्सव सम्पन्न

नेसनल लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेडले आफ्नो ३९औं वार्षिकोत्सव समारोह सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम गरी भव्य रूपमा सम्पन्न गरेको छ । काठमाडौंस्थित होटेल ह्यात सेन्ट्रिकमा सम्पन्न कार्यक्रमको कम्पनीकी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहले उद्घाटन गरेकी थिइन् ।

अध्यक्ष सिंहले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन मुख्य भूमिका खेल्ने कर्मचारी, अभिकर्ता, बिमित वर्ग, शुभेच्छुक, सरोकारवालाहरु तथा सबैप्रति हार्दिक आभार व्यक्त गरिन् । प्रविधिमा थप दक्ष बनाउन सम्पूर्ण प्रशासनिक कर्मचारीहरूलाई आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी विस्तृत तालिम प्रदान गरिएको जानकारी दिँदै उनले यसप्रकारका तालिमलाई निरन्तरता दिने बताइन् ।

समारोहमा प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कर्मचारी, अभिकर्ता बिमितलगायत सरोकारवाला सबैको साथ र सदभावले गर्दा कम्पनीले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताए । कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत मातृ नेपाल बालगृह तारकेश्वरलाई शैक्षिक सामग्री वितरणसहित त्यहाँ रहेका बालबालिकाहरूलाई खाना खुवाउनुका साथै रक्तदान कार्यक्रमसमेत सम्पन्न गऱ्यो । सो अवसरमा कम्पनीका देशैभर रहेका प्रदेश तथा शाखा कार्यालयहरूले पनि विभिन्न वृद्धाश्रम, बाल कल्याण संस्था एवं मानव सेवा आश्रमजस्ता संस्थाहरूमा यसप्रकारका कार्यक्रमहरु आयोजना गरेको बताइएको छ । उनले कर्मचारीहरूलाई आन्तरिक क्रियाकलापमा सहभागी गराई शारीरिक तथा मानसिक रूपमा सबल र सक्षम बनाउने उद्देश्यले अन्तरकर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत पुरूष तथा महिलाको क्रिकेट, फुटसल, टेबलटेनिस र बुद्धिचालजस्ता खेल प्रतियोगिताहरु आयोजना गरिएको बताए ।

● सिटिजन लाइफ इन्स्योरेन्सको एमडिआरटी सम्मान

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले एमडिआरटी-२०२६ सम्मान तथा प्रशिक्षण कार्यक्रम गरेको छ । कम्पनीले ५ देखि ७ फागुनसम्म पोखरामा कार्यक्रम गरेको हो । कार्यक्रममा ७० जना सिटिजन लिडरलाई सम्मान गरिएको थियो । जसअन्तर्गत ६७ जना एमडिआरटी, दुईजना सिओटी र एकजना टिओटी क्वालिफायर रहेका थिए । उक्त कार्यक्रममा सिनियर एजेन्सी म्यानेजर, उत्कृष्ट कार्यसम्पादन छनोट भएका शाखा प्रमुख तथा क्षेत्रीय प्रमुखको सहभागिता थियो । कम्पनीका अनुसार कार्यक्रमको उद्देश्य उत्कृष्ट कार्यसम्पादन गर्ने लिडरलाई सम्मान गर्नुका साथै आगामी व्यावसायिक लक्ष्य तथा रणनीतिबारे छलफल र प्रशिक्षण प्रदान गर्नु रहेको थियो । सहभागीलाई सेल्स कोच तथा मोटिभेसनल स्पिकर डा. रविन कटवालले प्रशिक्षण दिएका थिए । कार्यक्रममा कम्पनीका प्रशिक्षण विभाग प्रमुख कुबेर पाठक, प्रमुख वित्तीय अधिकृत गोपाल पंगेनी, प्रमुख बजार व्यवस्थापन अधिकृत भूषण रिमाल तथा प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले आफ्ना धारण राखेका थिए ।

अहिलेको...

प्रहरीलाई कुटिकुटि मार्नेहरु को थिए किन त्यस विषयमा बालेनकै सहमतिमा प्रधानमन्त्री बनेकी सुशिला कार्की र उनको नेतृत्वको सरकार किन मौन ? कार्की सरकारले नै भाद्र २३ र २४ गतेको घटनामा परी निधन भएको भनेर ४५ जनालाई मात्र सहिद घोषणा गरेको छ भने किन तत्कालिन ओली सरकारमाथि ७६ जना मारेको आरोप लगाइँदै छ ?

तत्कालिन काठमाडौका मेयर बालेन साहले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए सिंहदरमा आगजनी भयो तर किन साहमाथि अनुसन्धान भएन ? सिंहदरबारमा आगजनी हुँदा हर्ष बढाई गर्दै बल्ल पऱ्यो माकुरी जालैमा भन्दै नाँचगान गर्नेहरु रास्वपाका नेता र कार्यकर्ताहरु थिए किन उनीहरुमाथि अनुसन्धान भएन ? सिंहदरबारको गेट फोडेर गृहमन्त्रालय सहितका सरकारी सबै भवनहरुमा आगजनी गरियो भन्दै भिडियो अपलोड गर्ने व्यक्तिहरुमाथि किन मुद्दा चलाइएन ?

यी सबै कार्यहरु र कार्की सरकारले नै जेनजीहरुको विरोध प्रदर्शनमा सहभागि भएका र आगजनी गर्नेहरुलाई कुनै कारबाही नगर्ने मन्त्रिपरिषद्को बैठकबाटै निर्णय गराउनुले के संकेत गर्दछ ? कतै अहिले सरकारमै रहेका व्यक्तिहरुकै निर्देशमा उक्त घटना घटाइयो थियो कि भनेर जनताले किन प्रश्न नगर्ने ?

जेनजीहरुको विरोध प्रदर्शनको मुख्य माग भ्रष्टाचार नियन्त्रण र सुशासन थियो तर बालेन साह नै जेनजीहरुको एक समूहलाई स्टाटसमार्फत संसद विघटनलाई मुख्य मुद्दा बनाउन र नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर निर्देशन दिनुको रहस्य के थियो ? यी सबै कार्यहरुले गर्दा यस पटकको संसदको निर्वाचनले समस्याको समाधान हुनै सक्दैन । रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगीमा अदालतको आदेशमा जेल परेका हुन् । किन उनलाई भिडतन्त्र जम्मा गरेर जेलमुक्त गरियो ? अनि उनैलाई प्रधानमन्त्री बनाउने भन्दै हर्ष बढाई गरी बाहिर ल्याइयो ।

यहि २१ गते हुने भनिएको संसदको निर्वाचनमा कुनै पनि दलले एक्लै सरकार बनाउन सक्ने बहुमत ल्याउन सक्ने सम्भावना देखिँदैन । प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी २ सय ७५ सांसद रहने व्यवस्था भएकाले बहुमत ल्याउन एउटै दलले १ सय ३८ सिट जित्नुपर्ने हुन्छ । त्यो अहिले असम्भव रहेको र पुराना भनिएका कांग्रेस, एमाले र पटक पटक आफ्नो पार्टीको नाम फेर्दै हिडेका पुष्पमल दाहाल नेतृत्वको नेकपाले समेत बहुमत ल्याउन सक्ने सम्भावना नरहेकाले फेरी संसद अनिर्णयको बन्दी बन्नु पर्ने अवस्थामा आउने निश्चत रहेको छ ।

रास्वपाले जेनजीहरुको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरु सबैलाई रास्वपा प्रवेश गराएर उम्मेदवार बनाएको छ भने बालेनलाई भावि प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको छ तर झापा ५ बाट बालेनले निर्वाचन जित्नु फलामको च्युरा चपाउनु सरह भएको छ । निर्वाचनले समस्याको समाधान हुने गरी पहिला नै राजनीतिक दलहरुले साझा मुद्दामा सहमति गरेर अघि बढ्नुपर्नेमा रास्वपाको घमण्ड र बालेनको लोकप्रियताको फाइदा उठाउने रणनीतिक उदेश्यका साथ बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरी झापा ५ मा उम्मेदवार बनाइएको हो ।

रास्वपाले रविलाई देवत्वकरण गर्दै अघि बढेपनि रास्वपाले एक्लै सरकार बनाउन सक्ने गरी बहुमत ल्याउन सक्ने सम्भावना देखिएको छैन । अर्कोतर्फ नेपाली कांग्रेस र नेकपा एमालेले समेत बहुमत ल्याउन सक्ने अवस्था नरहेकाले गर्दा यो निर्वाचनले न समस्याको सामधान गर्न सक्छ नत संसद नै राम्ररी सञ्चालन हुन सक्छ, त्यसैले भन्न सकिन्छ फेरी निकट भविष्यमा अर्को निर्वाचन गर्नुपर्ने अवस्था आउन सक्छ ।

सिंहदरबार...

भिडियो अपलोड गरेका थिए । भिडियोमा उनले सिंहदरबारमा आगजनी गरेर फर्किएको भन्दै सगर्व स्वीकार गरेका थिए । सोही भिडियोको आधारमा प्रहरीले गौतमलाई पक्राउ गरेर अनुसन्धान गरेको थियो । प्रहरीले उनलाई ५ महिना पछि माघ २२ गते पक्राउ गरेको थियो । तर उनलाई मुद्दा चलाउने आधार र कारण नभएको भन्दै मुद्दा नचलाउने निर्णयपश्चात् उनलाई रिहा गरिएको छ ।

यस अघि पनि सिंहदरबार सहितका अन्य धेरै सरकारी भवन र राजनीतिक दलका शिर्ष नेताहरुका निजी निवासमा आगजनी गरेको स्वीकार गर्ने व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरेको भएपनि कार्की सरकारकै निर्देशनमा सबैलाई रिहा गरिएको हुनाले कानुनको खिल्ली उडाउने कार्यमा पूर्व प्रधानन्यायाधिश रहिसकेकी प्रधानमन्त्री सुशिला कार्कीकै सरकार लागि परेको छ । सरकारी भवन जलाएको आरोप पुष्टि भएमा ४ वर्ष कैद र ४० हजार सम्म जरिवाना हुने मुलुकी संहिताको दफा २८५ मा उल्लेख गरिएको छ । यसरी कार्की सरकारले सरकारी भवन सहितमा आगजनी गर्नेहरुलाई उन्मुक्ति दिनुले प्रष्ट हुन्छ भाद्र २३ र २४ गते कसको निर्देशनमा विध्वंस मच्चाइएको रहेछ भनेर । कतै अहिले सरकारमा बस्नेहरु कै सहमतिमा भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य मच्चाईएको थियो कि ?

भगौडा...

प्रतिवद्धताहरु समेत पुरा नगरी भागेका हुनाले झापा ५ का जनताले साहलाई किन मतदान गर्ने ? अहिलेको प्रश्न भनेको यहि हो । जेनजीहरुको विरोध प्रदर्शनलाई कुनै अँध्यारो कोठामा बसेर नसाको सुरमा विभिन्न उत्तेजक स्टाटस लेख्ने बालेनकै कारण भाद्र २३ गते काठमाडौमा १७ र इटहरीमा २ जना युवकको गोली लागि प्राण गयो बालेनकै सिफारिसमा सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई संविधानको उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरियो ।

जेनजीहरुको विरोध प्रदर्शनमा सुशासन र भ्रष्टाचार नियन्त्रणको माग रहेको भएपनि बालेनको स्वार्थ र उनको महत्वकांक्षा कै कारण संसद विघटन गरियो । बालेन र रास्वपाबीचमा भएको ७ बुँदे सहमतिको चौथो नम्वरमा जेनजीहरुको विरोध प्रदर्शनको स्वामित्व लिने सहमतिमा रास्वपाले हस्ताक्षर गरेको हुनाले भाद्र २३ को विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यमा रास्वपाले पूर्ण समर्थन गरेर आफ्ना नेता तथा कार्यकर्ताहरुलाई विध्वसात्मक कार्य गर्न लगाएको प्रमाणित भएन र ? यी सबै कारणहरु र त्यसरी विध्वसात्मक कार्य गर्नेहरु सबै रास्वपामै रहेर उम्मेदवार बनेका र कार्की सरकारले विध्वसात्मक कार्यमा संलग्न रहेकाहरुलाई कुनै कानुनी कारबाही नगर्ने निर्णय गर्नुले प्रष्ट हुन्छ बालेन र रास्वपाले नै विध्वसात्मक कार्य गरेका हुन भनेर । त्यही कारणले गर्दा त्यस्तो विध्वसात्मक कार्य गर्न उक्साउने बालेनलाई झापाली जनताले किन मतदान गर्ने भन्ने प्रश्न झापामा उठेको छ ।

रवि...

आरोपको खण्डन गर्दै रास्वपाकी सांसद इन्दिरा राना उपसभामुख रहेकी र उनले संसदको बैठक सञ्चालन गर्दा समेत माइक काटिने गरेको उद्घोष घिमिरेले गरेका थिए । सभामुख र उपसभामुख बाहेकका सांसदहरुले बैठक सञ्चालन गर्दा समेत पहिला नै निर्धारण गरिएको समयभित्र बोल्न दिने र समय सकिएपछि स्वत माइक काटिने व्यवस्था कार्यव्यवस्था समितिले गरेको हुनाले लामिछानेले लगाएको आरोपमा कुनै सत्यता नरहेको बताएका छन् ।

रवि लामिछाने झुठ बोल्नमा माहिर रहेका छन् । सहकारी ठगीको मुद्दा बोकिरहेका लामिछानले पहिला आफूले कुनै सहकारीबाट पैसा नलिएको बताउँदै आएका थिए तर अदालतले उनलाई जेल पठाएपछि आफूमाथि लागेको विगो बराबरको जरिवाना तिर्न उनी सहमत हुनु र रकम तिरेर जेल बाहिर आएका हुनाले उनी व्यक्तिगत स्वार्थका लागि जे बोल्न पनि तयार देखिएका छन् । रवि यहि २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनमा चितवनबाट उम्मेदवार बनेका छन् भने उनले जित हाँसिल गरेपनि उनी संसदमा उपस्थित हुन पाउँदैनन् ।

सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेका लामिछाने अहिले पनि दुवै मुद्दा बोकेर पार्टी सभापतिमा बसिरहेकाले त्यस्ता व्यक्तिलाई जनताले पत्याउनु भनेको ठगहरुलाई प्रोत्साहन दिनु नै हो भन्ने आवाजसम्म उठ्न थालेको छ । तर उनी त्यस्ता आवाजलाई सुन्नुको बदला आफूलाई तत्कालिन सरकारले प्रतिशोध लिएको भन्दै जनतालाई ढाँटिरहेका छन् ।

उनी अदालतको आदेशमा जेल परेका हुन् सरकारको आदेशमा होइन यी सबै तथ्यहरुले लामिछाने आफ्नो स्वार्थको लागि जस्तोसुकै झुठ बोलेर जनतालाई ढाट्न सक्ने व्यक्ति हुन् भन्ने चर्चा समेत चलेको छ ।

पर्यटन, ऊर्जालगायत क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान

काठमाडौं । नेपालको पर्यटन, ऊर्जालगायत क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान गरिएको छ । भारतको नयाँ दिल्लीमा जारी 'दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६' सहभागी नेपाली सरकारी अधिकारी तथा निजी क्षेत्रका प्रतिनिधिले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आह्वान गरेका हुन् ।

शुक्रबारदेखि सुरू भएको महोत्सवमा दुई देशका नीति-निर्माता तथा उद्यमी-व्यवसायीबिच अन्तर्क्रिया भेटघाटलगायत कार्यक्रम भइरहेका छन् । महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालका विभिन्न क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वान गरेका छन् । महोत्सवलाई शुक्रबार सम्बोधन गर्दै ढकालले हरित ऊर्जा, डिजिटल सेवा, पर्यटन र उत्पादन क्षेत्रमा ठोस सहकार्य अघि बढाउन भारतीय उद्योगी-व्यवसायी एवं लगानीकर्तालाई आह्वान गरेका हुन् ।

'नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना छ,' उनले भने, 'यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आग्रह गर्छु ।' नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरू भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारणलाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए । यसैगरी, पर्यटन क्षेत्रमा प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरु प्रस्तुत गरेको उल्लेख गर्दै होटेल, रिसोर्ट तथा केबलकार परियोजनामा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए । यसका लागि निजी क्षेत्रले सधैं राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको र दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधार भइरहेको पनि स्पष्ट पारे ।

कार्यक्रममा उनले नेपाल-भारत आर्थिक सहकार्यलाई थप परिणाममुखी बनाउनुपर्नेमा जोड दिए । नेपाल-भारतबिच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्ने उनको भनाइ थियो ।

भारत नेपालको प्रमुख व्यापार साझेदार र प्रमुख लगानी स्रोत रहेको उल्लेख गर्दै ढकालले खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबिचको साझेदारीलाई विशिष्ट बनाएको बताए । विश्व अर्थतन्त्र अनिश्चितता र आपूर्ति शृंखलामा अवरोधको अवस्थामा रहेको उल्लेख गर्दै छिमेकी राष्ट्रबिच सहकार्य झन सुदृढ गर्नुपर्नेमा जोड दिए ।

भारतको हालैको केन्द्रीय बजेटले पूर्वाधार, डिजिटल कनेक्टिभिटी, हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्द्धनमा दिएको प्राथमिकताले नेपालका लागि समेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो । 'कनेक्टिक पिपुल, इन्ह्यान्सिङ बाइलाटरल ट्रेड' भन्ने मूल नाराका साथ आयोजना हुने फेस्टिभलका लागि १० उच्चस्तरीय सत्र, ६० वक्ता र ६५ भन्दा बढी स्टल तोकिएका छन् ।

प्रियतावाद...

छन् भने रास्वपा लगायतका अन्य दलले त्यसमा पनि रास्वपाले प्रियतावादलाई नै मुख्य विषय बनाएर एक व्यक्तिलाई देवत्वकरण गर्ने गरी घोषणापत्र जारी गरेको छ । रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेको भन्दै विभिन्न अदालतमा मुद्दा विचाराधिन रहेको र उनी धरौटीमा मात्र रिहा भएकाले रास्वपाले प्रियतावाद र देवत्वकरण गर्ने प्रयास गरेको हो ।

रास्वपाको मुख्य योजना भनेको जसरी भएपनि सत्ता कब्जा गर्ने नै हो । आफ्ना सभापति मुद्दामा जेलिएका हुनाले सहकारी ठगी सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दाबाट छुटकारा पाउने र रास्वपाको गुमेको प्रियतावादलाई पुर्नस्थापित गर्न उसले बालेन साहलाई आफ्नो पार्टीको वरिष्ठ नेता बनाउँदै झापा ५ मा अध्यक्ष केपी ओलीसँग निर्वाचन लड्न त्यहाँ पठाएको हो ।

उसले अहिले बालेनलाई प्रियतावाद र देवत्वकरण गरिरहेको छ । एउटा व्यक्तिलाई देवत्वकरण गरेर संस्थाले कहिल्यै सफलता पाउन सक्दैन । रास्वपाको नीति सिद्धान्त विचार के हो ? त्यो अहिले सम्म जनताले थाहा पाउन सकेका छैनन् । उसले भिडतन्त्र जम्मा गर्नु नै आफ्नो सफलता ठानेको हुनाले र प्रियतावाद र देवत्वकरण गरेर सत्ता हत्याउने सपना देख्नु उसैको लागि घातक हुन सक्छ ।

जसरी...

लिने निर्णय गर्नु राष्ट्रघात हो । कार्की सरकारले गरेका धेरै निर्णयहरु देशको हित भन्दा व्यक्तिहरुलाई फाइदा पुऱ्याउने खालका रहेका छन् । चाहे रवि सहितका मुद्दा फिर्ता लिने निर्णय होस् चाहे विभिन्न कम्पनीहरुलाई कर छुट दिने निर्णय चाहे जेनजीहरुको विरोध प्रदर्शनमा सरकारी भवनहरुमा आगजनी गर्नेहरुलाई कानुनी कारबाही नगर्ने निर्णय होस् यी सबै कार्यहरुले गर्दा रास्वपाका उम्मेदवारहरु पराजित हुने र प्रधानमन्त्री कार्कीले नै जेनजीहरुको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुदन गुरूङलाई आफ्नो कान्छो छोरा भनेकोले कान्छो छोरा पराजित हुन सक्ने अवस्था देखिएकोले १७/१८ गते सम्ममा पनि निर्वाचनको मिति सार्न सक्ने सम्भावना रहेको छ ।

रास्वपाले नजित्ने र कांग्रेस, एमालेकै उम्मेदवारहरुले जित्न सक्ने अवस्था बढ्दै गएकाले अनेक प्रकारका षड्यन्त्र गरेर निर्वाचनको मिति सार्न एक थरीले कार्की सरकारलाई दवाव दिइरहेका भएपनि सरकार भने निर्वाचनकै स्वाङ गरिरहेको छ । एकथरीका अनुसार निष्पक्ष, धाँधलीरहित निर्वाचन हुन्छ भन्ने ग्यारेन्टी सरकारले दिन सक्ने अवस्था अहिले देखिएको छैन । त्यसैले यो निर्वाचनले समस्याको समाधान हुन सक्दैन । समस्याहरु अरू बढ्ने निश्चित जस्तै रहेको छ ।

देश..

बालेन साहले काठमाडौ महानगरबासीलाई धोका दिएर आफ्नो पदावधि बाँकी रहेकै अवस्थामा प्रतिनिधिसभाको उम्मेदवारी दिएका छन् । साह, रास्वपामा प्रवेश गरेर रास्वपाका वरिष्ठ नेता हुँदै भावि प्रधानमन्त्रीको रूपमा रास्वपाले अघि सारेको छ ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेकाले उनीमाथि विभिन्न अदालतमा मुद्दा विचाराधिन रहेकाले गर्दा रास्वपाले निर्वाचन जित्नैका लागि साहलाई आफ्नो पार्टीमा प्रवेश गराएको भएपनि त्यो पार्टी प्रवेशलाई जनताले सहज रूपमा लिन सकेका छैनन् ।

भाद्र २३ गते जेनजीहरुको आन्दोलनमा रविलाई आन्दोलनकारीहरुले जेलमुक्त गरेर उनलाई प्रधानमन्त्री बनाउने उद्घोष गरेका थिए त्यसरी उद्घोष गर्नेहरु रास्वपाका नेता तथा कार्यकर्ताहरु रहेका थिए । भाद्र २३ गतेको जेनजीहरुको शान्तिपूर्ण आन्दोलनलाई हाइज्याक गर्नेहरु अहिले सबै रास्वपाका तर्फबाट उम्मेदवार बनाएका छन् । उनीहरु सबैको एउटै नारा छ केपी ओलीलाई संसदमा आउन दिनु हुन्न भने । भाद्र २४ गते नै तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिएका थिए ।

भाद्र २४ गतेको विध्वसात्मक कार्य गर्नेहरु रास्वपाका उम्मेदवार बनेका र बालेन साह समेत रास्वापमै प्रवेश गरेर एमाले अध्यक्ष ओली निर्वाचित हुँदै आएको झापा क्षेत्र नं. ५ बाट उम्मेदवार बनाएका हुनाले यो विषयलाई सामान्य अर्थमा बुझ्न उपर्युक्त हुँदैन । भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य गर्नेहरुले षड् यन्त्रपूर्वक विध्वसात्मक कार्य गरेर देश जलाएका हुनाले यो निर्वाचनमा देश जलाउनेहरुलाइ पराजित गरेर देश बनाउनेहरुलाई निर्वाचित गराउनुपर्ने आवश्यकता देखिन्छ । त्यसैले देश बनाउनेहरुलाई जिताऔं ।

पार्टीपंक्ति...

पुगेका उम्मेदवार डा. भट्टराईलाई २०६४ देखिको निरन्तर पराजयको श्रृखला तोड्ने गरी अगाडि बढ्न सुझाव दिएको एमाले काठमाडौं जिल्ला कमिटीका सचिवालय सदस्य ध्रुवराज न्यौपानेले बताए ।

उनका अनुसार पूर्वराष्ट्रपति भण्डारीले निर्वाचनअघि नै निकटस्थ कार्यकर्तालाई बोलाएर निर्वाचनमा सम्पूर्ण शक्तिका साथ परिचालित हुन निर्देशन दिएकी थिइन् । न्यौपाने स्वयम्लाई पनि त्यस्तो निर्देशन दिइएको उनले बताए । 'पार्टीका तीतामीठा कुरा पछि गरौंला, अहिले क्षेत्र नम्बर ४ मा पार्टीलाई जिताउने कुरा मुख्य हो,' भण्डारीले दिएको निर्देशनबारे न्यौपानेले जानकारी दिएका हुन् ।

मतदान किन गर्ने?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार